# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १ अङ्क २२ | २०७३ मङ्सिर २० गते सोमबार | Monday, Dec 5, 2016 | पृष्ठ ८ | मूल्य रु. १०।-


## क्रान्तिकारी माओवादीको कालिकोट सेक्रेटरीमा दुर्गा काफ्ले

**कालिकोट ।** ने.क.पा.(क्रान्तिकारी माओवादी) जिल्ला समिति कालीकोटको बैठकले ५१ सदस्यीय जिल्ला कमिटि चयन गरेको छ । ३१ सदस्य रहेको जिल्ला समितिमा थप २० सदस्य मनोनयन गरि ५१ सदस्यीय जिल्ला समिति बनाईएको हो । पार्टिका भेरी कर्णाली राज्य ईन्चार्ज धनजीत शाही आदर्शको गौरवपूर्ण उपस्थितिमा र कालीकोट जिल्ला सेक्रेटरी दुर्गाप्रसाद काफ्लेको अध्यक्षतामा बैठक सम्पन्न भएको हो ।

बैठकमा परिपत्रमाथि स्पष्ट पार्दै राज्य इन्चार्ज आदर्शले नेपाली बिशेषतासहितको सशस्त्र बिद्रोहमा सामेल हुन निर्देशन दिएका छन् । बैठकमा राजनितिक बैचारिक कार्य, संगठनात्मक कार्य, संघर्ष, आर्थिक तथा विविध जस्ता बिषयमा छलफल भएको हो । अपर कर्णाली सम्झौताबिरुद्ध जिल्लामा बृहत अन्तरक्रिया गर्ने, पार्टी मातहतका सम्पूर्ण जनवर्गिय संगठनहरुको भेला सम्मेलन गर्ने, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको यही मंसिरभित्र भेला सम्पन्न गर्ने, पार्टीको राष्टिय सम्मेलनलाई लक्षित गरि ब्यापकरुपमा सदस्यता नवीकरण गर्ने, केन्द्रले निर्देशन गरेको आर्थिक अभियानलाई निरन्तरता दिनेजस्ता निर्णय गरेको छ ।

## तामाङ मोर्चाको अध्यक्षमा निमा दोर्जे लामा निर्वाचित

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल तामाङ राष्ट्रिय मुक्ति मोर्चाको दोस्रो राष्ट्रिय भेलाले निमा दोर्जे लामालाई अध्यक्षमा निर्वाचित गरेको छ । मोर्चाको मंसिर १८-१९ मा सम्पन्न राष्ट्रिय भेलाले लामाको अध्यक्षतामा ३९ जनाको नयाँ कार्यसमिति निर्वाचित गरेको हो । भेलाले मोर्चाको उपाध्यक्षमा पदमबहादुर तामाङ, कान्छामान तामाङ र प्रविन बललाई निर्वाचित गरेको छ भने महासचिवमा सुरेश लामा तामाङ निर्वाचित भएका छन् । सचिवमा प्रेम तामाङ चुनिएका छन् भने दुई सचिव र कोषाध्यक्ष पछि थप्ने गरी खाली राखिएको छ । विकास तामाङ, कृष्ण तामाङ, गोपी तामाङ, दोर्जे तामाङलाई सचिवालय सदस्य चयन गरिएको छ भने सदस्यहरुमा मंगल तामाङ, विजय तामाङ, रामकुमार तामाङ, वाबुलाल लोप्चान तामाङ, दोर्जे लामा, गोपी तामाङ, कमल जिम्बा, जवानसिंह तामाङ, रवि तामाङ, टमेशकुमार तामाङ, मिना तामाङ, प्रतिक तामाङ, ज्ञानबहादुर तामाङ, फुलमाया तामाङ, असल पाख्रिन तामाङ, रमेश तामाङ, सुकुमाया तामाङ, अनिशा तामाङ, मसली तामाङलगायत निर्वाचित भएका छन् ।

त्यसैगरी भेलाले सिताराम तामाङ अध्यक्ष र फुर्नाम्गेल तामाङ सचिव रहेको ११ सदस्यीय सल्लाहकार समिति पनि चयन गरेको छ । सल्लाहकार समितिको सदस्यमा दीलबहादुर घिसिङ, सागर तामाङ, ... *बाँकी ७ पेजमा*

# जनप्रदर्शनप्रति क्रान्तिकारी माओवादीको ऐक्यबद्धता



◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'ले एक विज्ञप्ती जारी गर्दै संविधान संशोधन प्रस्तावका विरुद्धमा उत्रिएका जनताको प्रदर्शनप्रति ऐक्यबद्धता जाहेर गरेको छ। सरकारद्धारा गत मंगलबार संसद सचिवालयमा दर्ता गरेको नेपालको संविधान संशोधन विधेयकमा राखिएका सिमाङ्कन लगायतका विषयबारे पार्टीको गम्भीर ध्यानाकर्षण भएको भन्दै क्रान्तिकारी माओवादीले विरोध प्रदर्शनप्रति ऐक्यबद्धता जाहेर गरेको हो । मंसिर १५ गते जारी गरिएको विज्ञप्तीमा संविधान संशोधनमाथि पार्टीको तीन बुँदे अभिमत प्रस्तुत गर्दै बुँदा नं २ मा भनिएको छ, "सिमाङ्कन लगायतका विषयको विरोधमा जनताद्धारा राखिएका जायज माग र आयोजित प्रदर्शन तथा हड्तालको कार्यक्रमप्रति पार्टी दृढतापूर्वक समर्थन र ऐक्यबद्धता जाहेर गर्दछ।"

त्यसैगरी विज्ञप्तीको ३ नं बुँदामा भनिएको छ, "सिमाङ्कन लगायतका विषयको समाधान तानाशाही तरिकाले नभई अग्रगामी तथा परिवर्तनशील राजनीतिक शक्तिहरु र सम्बन्धित जिल्ला तथा प्रदेशका जनताको राय सुझाव र सहमति अनिवार्य हुने कुरामा पनि पार्टी आफ्नो दृढ अभिमत रहेको धारणा व्यक्त गर्दछ।"

विज्ञप्तीको १ नं मा भनिएको छ, "हाम्रो पार्टीले सो संविधान आमूल परिवर्तन तथा मुक्तिकामी जनताको इच्छा तथा भावना विपरीत भएकाले त्यसको विरोध गरी विकल्पमा संघीय जनगणतान्त्रिक संविधान बनाउनुपर्ने प्रस्ताव सार्वजनिक गरेको कुरा स्पष्ट नै छ र अहिले पनि हाम्रो धारणा त्यही नै रहेको छ।"

दाहाल नेतृत्वको सरकारले दर्ता गरेको संशोधन प्रस्तावका विरुद्धमा सत्तारुढ दलकै नेता कार्यकर्ताहरु पनि सडकमा उत्रिएका छन् । मधेशी मोर्चालाई फकाएर संशोधन प्रस्ताव पारित गराउन खोजेपनि मोर्चा ... *बाँकी २ पेजमा*

## वर्गीय मुक्ति नहुँदासम्म जातीय मुक्ति असम्भव : श्रीस

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं



नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय कार्यालय सदस्य रामसिंह श्रीसले वर्गीय मुक्ति नहुँदासम्म जातीय मुक्ति सम्भव नहुने बताएका छन् । क्रान्तिकारी माओवादी निकट अखिल नेपाल तामाङ राष्ट्रिय मुक्ति मोर्चाको दोस्रो राष्ट्रिय भेलाको ललितपुरको कुपण्डोलमा शनिबार उद्घाटन गर्दै श्रीले उक्त कुरा बताएका हुन् ।

संसारमा रहेका सबै प्रकारका शोषण, दमन, अन्याय, अत्याचार, विभेद र उत्पीडन निर्मूल गरी शोषणरहित र वर्गरहित समाज निर्माणको लागि कम्युनिस्ट पार्टी निर्माण भएको भन्दै भेलाका प्रमुख अतिथी श्रीसले नेपालमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिक उत्पीडनबाट नेपाली समाजलाई मुक्त पार्नु नेपालका सच्चा कम्युनिस्टहरुको दायित्व भएको प्रष्ट पारे । उनले भने, "जातीय उत्पीडन वर्गीय उत्पीडनकै एउटा रुप हो, वर्गीय मुक्ति नहुँदासम्म जातीय मुक्ति सम्भव छैन । तसर्थ, जातीय उत्पीडनको अन्त्य गर्नु कम्युनिस्ट पार्टीको दायित्व हो ।" आफ्नो पार्टी सही र क्रान्तिकारी भएको हुनाले जातीय उत्पीडनको अन्त्यका लागि सही र वैज्ञानिक नीति क्रान्तिकारी माओवादीसँग मात्र रहेको दावी गरे ।

भेलालाई सम्बोधन गर्दै क्रान्तिकारी ... *बाँकी ८ पेजमा*

## भारतीय योजनामा संशोधन प्रस्ताव

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

सरकारले ल्याएको संविधान संशोधन प्रस्ताव भारतीय योजनामा आएको पुष्टि भएको छ। संविधानलाई भारतीयकरण गर्दै मुलुकलाई नै भारतीयकरण गर्न खोजेको भन्दै नेकपा (क्रान्तिकारी माओवादी)ले विरोध गर्दै आएको छ। पछिल्ला घटनाक्रमले क्रान्तिकारी माओवादीको यही आरोप सही सावित गर्दै लगेको छ।

भारतले नेपालको संविधान संशोधनका लागि संसदमा विधेयक पेश हुनुलाई एउटा महत्वपूर्ण कदम भनेको छ। भारतीय विदेश मन्त्रालयका प्रवक्ताको भनाइ उधृत गर्दै नेपालस्थित भारतीय दूतवासले विज्ञप्ती निकालेर संविधान संशोधनको विधेयकलाई महत्वपूर्ण कदम भनेको हो ।

यसअघि शनिबारमात्रै भारतीय राजदूत रणजित रायले मधेसी मोर्चाका शीर्ष नेताहरुलाई दूतावासमै बोलाएर दिवाभोज दिएका थिए । उनले मोर्चाका नेताहरुलाई सरकारले संसदमा दर्ता गराएको संविधान संशोधन विधेयक पारित गराउन निर्देशन दिएका थिए। त्यसलगत्तै प्रधानमन्त्री प्रचण्डलाई भेटेका राजदूत रायले एमाले बाहेक पनि संसदमा दुई तिहाई बहुमत पुऱ्याउन मधेसी मोर्चाले सघाउने आश्वासन दिएका थिए।

यसैबीच, राष्ट्रिय जनमोर्चाले भारतीय चाहनामा संविधान संशोधन प्रस्ताव आएको बताएको छ । अध्यक्ष चित्रबहादुर केसीले आइतबार विज्ञप्ति निकालेर ... *बाँकी ८ पेजमा*

## सरकारलाई झुकाइछाडे डा.केसीले

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

पटक पटक अनसन गर्दै आएका डा. गोविन्द केसीले आफ्नो दशौं पटकको आन्दोलनमा सरकारलाई झुकाइछाडे । डा. केसीले राखेको मागअनुसार त्रिभुवन विश्वविद्यालयका उपकुलपति तीर्थ खनिया लगायत पदाधिकारीको योग्यता, कार्यक्षमता र उनीहरूमाथि लागेको अनियमितता आरोपमा छानबिन गर्न दुई साताभित्र उच्चस्तरीय समिति गठन गर्नेलगायत १२ बुँदे सहमति भएपछि २१ दिनदेखि अनसनरत डा. केसीले आज अनसन तोडेका छन् ।

भूकम्पमा परेका अढाई बर्षीया बालिका मर्साङ तामाङको हातबाट जुस पिउँदै डा. केसीले अनसन तोडेका हुन् । अनसन तोडेपछि वरिष्ठ चिकित्सक केसीले नागरिक समाज र सञ्चार माध्यामको दबावमा मात्रै सरकारले आफूले उठाएका माग सम्बोधन गर्न तयार भएको बताए । यसका लागि उनले नागरिक समाज र मिडियालाई धन्यबाद दिए । डा केसीले सरकारले आफूसँग गरेको सहमति कार्यान्वयनका ... *बाँकी ८ पेजमा*

## संविधान संशोधनको नाद र कठ्पुतलीहरुको नाच

वर्तमान नेपालको 'संविधान' गत २०७२ आश्विन ३ गते 'दोस्रो संविधानसभा' द्वारा अनुमोदन गरेर घोषणा गरिएको थियो । त्यस बखतमा व्यापक विरोध र आलोचना गर्दै देशव्यापीरुपमा आन्दोलनहरु भएका थिए। राज्य र सरकारले ती आन्दोलनहरुमाथि निर्मम ढंगले दमनचक्र चलाएको थियो । त्यसरी त्यो 'संविधान' न्यायप्रेमी र अधिकारप्रेमी जनसमुदायको रगतमाथि होली खेल्दै घोषणा गरिएको थियो ।



**परि थापा**

'संविधान'को मुख्य पक्षपाती पक्षहरु खासगरेर तत्कालीन एनेकपा (माओवादी) हाल नेकपा (माओवादी केन्द्र), नेपाली कांग्रेस र नेकपा (एमाले) र तिनका नेतृत्वले विश्वकै 'उत्कृष्ट संविधान' भएको निसंकोच दावी गरेका थिए। तर त्यसप्रकारको 'उत्कृष्ट' संविधान थप त्यो पनि 'संविधानसभा'को दुई तिहाईभन्दा अधिक मतले पारित गरेर घोषणा गरिएको भनिएता पनि त्यसका विरुद्धको आन्दोलन र संघर्ष रोकिएन। त्यस अवस्थामा तत्कालीन प्रधानमन्त्री सुशिल कोइरालाले आफूले सरकारको नेतृत्व छोड्न लागेकै अवस्थामा विश्वकै उत्कृष्ट दावी गरिएको संविधानमाथि घोषणा भएको ४ महिनाभित्रै संशोधन प्रस्ताव दर्ता गराएका थिए। त्यो आफैमा एउटा हास्यास्पद घटना थियो। किनभने, जब कुनै चिज स्वयम्मा सर्वोत्कृष्ट छ र हुन्छ भने त्यसमा फेरबदल गर्नुभन्दा त्यसको संरक्षण गर्नु नै अत्यन्त महत्वपूर्ण काम हुन्छ।

नेकपा (एमाले) लगायतका केही पक्षहरुले तत्कालीन प्रधानमन्त्री सुशिल कोइरालाद्धारा प्रस्तुत गरिएको संशोधन प्रस्तावको विपक्षमा अभिव्यक्ति दिएका थिए। त्यसक्रममा नेपाली कांग्रेस र नेकपा (एमाले)का बीचमा भएको भनिएको भद्र सहमति अनुसार सरकारको नेतृत्व एमालेलाई हस्तान्तरण गर्नुपर्ने माग भएपछि नेपाली कांग्रेसले त्यस्तो सहमति नभएको भन्दै सरकारको नेतृत्व हस्तान्तरण गर्न अस्वीकार गऱ्यो। नेपाली कांग्रेसबाट 'धोखा' खाएर रन्थनिएको एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिदै सरकारबाट बाहिरिन पुग्यो। तत्पश्चात एमालेले मुख्यतः एनेकपा (माओवादी) लगायत अन्य साना दलहरुलाई साथमा लिएर आफ्नो नेतृत्वमा सरकार गठन गऱ्यो र सरकारको प्रधानमन्त्रीमा उक्त पार्टीका अध्यक्ष केपी ओली निर्वाचित हुन पुगे।

सरकार परिवर्तनको उक्त परिघटना भएपनि नेपाली न्यायप्रेमी तथा अधिकारप्रेमी जनसमुदायहरुले आफ्ना हकअधिकारका विषयलाई लिएर आन्दोलन जारी राखिरहे भने केपी ओली नेतृत्वको सरकारले उनीहरुको आवाजलाई बन्द गराउन र आन्दोलनलाई निस्तेज पार्न राज्यशक्तिको व्यापक दुरुपयोग गऱ्यो। परिणामस्वरुप आन्दोलनकारी जनताहरुलाई देशको अन्तर्राष्ट्रिय सीमानामा गएर बस्नुपर्ने अवस्था आयो भने त्यही निहुँ पारेर भारतीय विस्तारवादी शासक वर्गले नेपाल र नेपाली जनताको हितविरुद्ध निर्ममतापूर्वक आर्थिक नाकाबन्दी लाद्न पुग्यो। त्यो परिस्थिति अन्तर्गत पहिला नेपाली कांग्रेसले संशोधन प्रस्तुत गर्दा विरोध जनाएको भएता पनि एमाले नेतृत्वको सरकारले हुबहु त्यही प्रस्तावलाई अगाडि बढाएर 'संविधान'को पहिलो संशोधन २०७३ माघ ९ गते पारित भएको थियो।

पहिलो संविधानसभाले २०६५ जेष्ठ १५ गते २४० वर्ष लामो राजतन्त्रात्मक शासनलाई विधिवत अन्त्य गरी गणतन्त्रलाई अनुमोदन र कार्यान्वयन गरेको थियो। त्यसरी नेपाल देश र राज्य आफ्नो राजनीतिक इतिहासको लामो समयसम्मको उथलपुथल पश्चात् गणतान्त्रिक युगमा प्रवेश गरेको थियो। गणतन्त्रका साथसाथै ... *बाँकी ६ पेजमा*

## सम्पादकीय

# प्रतिक्रियावादी संविधान खारेज गर !

जारी भएको चार महिना नपुग्दै संशोधन गर्नुपरेको वर्तमान संविधानको दोस्रो संशोधन प्रस्तावले चौतर्फी जनआक्रोस चुल्याएको छ । यो देशका मजदुर-किसान, आदिवासी-जनजाति, महिला, दलित, मधेसी, मुस्लीम, थारुलगायत उपेक्षित क्षेत्र र सीमान्तकृत समुदायले स्वीकार्न र अपनत्व बोध गर्न नसकेको संविधानको चरित्र प्रतिक्रियावादी छ । अझ यसलाई संशोधन गरेर यसलाई भारतीयकरण गर्न खोजिएको छ । यसको जतिसक्दो चाँडो खारेजी नै नेपाल र नेपाली जनताको लागि हितकर हुनेछ । यसको खारेजीको जगमा वर्षौदेखि शोषण, विभेद, उत्पीडित र उपेक्षित रहँदै आएका जनसमुदायलाई अधिकार सम्पन्न बनाउने जनताको संघीय गणतन्त्रमा आधारित संविधान निर्माण गर्न जरुरी छ ।

कथित तीन ठूला दलका मुट्ठिभर नेताहरुको सिण्डिकेटमा नेपाली जनतामाथि लादिएको प्रतिक्रियावादी संविधानले कार्यान्वयन हुने सबै आधार गुमाइसकेको छ । विगतमा भएका जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन, आदिवासी जनजातिहरुको आन्दोलनको जनादेशमा आधारित भएर र पहिलो संविधानसभाले गरेको सहमतिको जगमा टेकेर बनाउनुपर्ने संविधान संसदवादी दलहरुले आफ्नो वर्गस्वार्थ अनुसार बनाउन पुगेपछि संविधानको चौतर्फी विरोध चुलिएको हो ।

श्रमजीवि जनता, जसले व्यवस्था परिवर्तनका निम्ति बलिदान गरे, निर्णायक तहमा दलका नेताहरुलाई पुऱ्याए, लाई फेरि पनि जबर्जस्त आन्दोलनतर्फ धकेलिएको छ । परिस्थिति यसरी विकास भएको छ कि फेरि पनि तत्कालीन नेकपा-माओवादी (हालको क्रान्तिकारी माओवादी)ले भनेजस्तै यो प्रतिक्रियावादी संविधानले फेरि द्वन्द्व निम्त्याउँदैछ । मुलुक फेरि सबै हिसाबले द्वन्द्वमा जाँदैछ ।

श्रमजीवि जनताको राजनीतिक प्रतिनिधि क्रान्तिकारी पार्टी, यहाँको सन्दर्भमा माओवादी शक्तिलाई छिन्नभिन्न पार्ने परिस्थितिमा पुऱ्याएर, क्रान्तिकारी शक्ति कमजोर भएको अवस्थामा नेपाली जनताको वर्गदुश्मन बनेर नारायणहिटी दरबारको सट्टा दिल्ली दरबार अगाडि आएको छ । अहिले नेपालको राजनीति दिल्ली दरबारकै इशारामा चलिरहेको छ । जनसर्वसाधारणले पनि यही तथ्य बोध गरिरहेका छन् र दिनदिनै भारतीय विस्तारवाद(दिल्ली दरबार)का विरुद्ध नेपाली श्रमजीवि जनताको आक्रोश चुलिदै गएको छ ।

संविधानमा सात बुँदे संशोधन प्रस्तावदेखि नाकाबन्दी हुँदै २५ बुँदे वक्तव्यसम्म आइपुग्दा नेपाललाई भूटानीकरण गर्न सफल भएको दिल्ली दरबार संविधान संशोधनमार्फत् सिक्किमीकरण गर्ने योजनान्मुख छ । नेपाली राजनीतिका पछिल्ला घटनाक्रमहरु त्यसैतर्फ परिलक्षित छन् ।

सूचना प्रविधिको अभूतपूर्व विकास र त्यसमा नेपाली जनसर्वसाधारणको बढ्दो पहुँचले दिल्ली दरबारको नेपालमाथिको स्वार्थ, चलखेल र नेपाली शासकहरुको लम्पसारवादी चरित्रलाई बुझ्न सजिलो बनाइदिएको छ । पछिल्ला केही दिनदेखि नेपाली जनतामा राष्ट्रिय स्वाधीनतामाथिको सचेतनता अत्यधिक बढेर गएको छ । र, दिल्ली दरबार र तिनका दलालहरुविरुद्धको जनमत संगठित रुपमा विस्तार हुँदै गएको छ ।

जनतामा जागेको चेतना भौतिक शक्तिमा रुपान्तरण भएपछि दुनियाँका बडेबडे तानाशाहाहरु पनि सडकमा पछारिन पुग्छन् भन्ने दृष्टान्त नेपाली राजनीतिमा नै पटक पटक स्थापित भइसकेको छ । फेरि पनि नेपाली जनता सचेततापूर्वक प्रतिक्रियावादी दलाल संसदीय व्यवस्था र यसको संरक्षण गर्ने दिल्ली दरबारका विरुद्ध संगठित हुने क्रममा छन् । जनताको विद्रोहको ज्वालामुखी विष्फोटक बनाउने धृष्टता यहाँका दलाल शासकहरुले खेलाँचीपूर्वक गरिरहेका छन् । जनतालाई भेडाबाख्राको संज्ञा दिने शासहरुलाई जनताले एकदिन अवश्य सबक सिकाउने छन् र दलाल शासकहरुलाई सडकमा पछारेर नेपाल र नेपाली जनताको स्वाभिमान उँचो पार्न र नेपाली सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा गर्ने छन् ।

जनताको तागज अजेय हुन्छ । दमनले प्रतिरोध जन्माउँछ । जनताको प्रतिरोधी क्षमताको विकाससँगै वर्तमान प्रतिक्रियावादी संविधानको खारेज हुनेछ र सँगै जनताको संघीय गणतन्त्रमा आधारित नयाँ संविधानको जगमा नयाँ नेपालले सुत्रपात हुनेछ ।


परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निश्पक्ष खबर तथा विचारका लागि सँधै हेर्ने र पढ्ने गरौँ ।

www.moolbato.com


# मार्क्सवाद–लेनिनवाद–माओवाद के हो ?



हुकुमबहादुर सिंह

*मार्क्सवाद प्रकृति र समाजको विकासलाई निर्देशित गर्ने कानुनहरूको विज्ञान हो, शोषित र उत्पीडित जनसमूहको क्रान्तिको विज्ञान हो, सबै देशहरूमा समाजवादको विजयको विज्ञान हो, एउटा कम्युनिस्ट समाज विकासको विज्ञान हो ।' प्रथम, यो एउटा विज्ञान हो, जसले समाजमात्रै नभई प्रकृतिको समग्र पक्षसँग जोडिएका विभिन्न प्रश्नहरूको उत्तरहरू दिन्छ ।*

क्रान्तिलाई नेतृत्व दिने पार्टी भनेको कम्युनिस्ट पार्टी हो, र मार्क्सवाद–लेनिनवाद–माओवाद कम्युनिस्ट पार्टीको विचार र व्यवहारमा मार्गनिर्देश गर्ने सिद्धान्त हो । यो हामी सबैलाई थाहा भएको कुरा हो । यद्यपि हामीमध्ये धेरै कम्युनिस्ट विचार अथवा मालेमा विचार भनेको सही मानेमा के हो भन्नेमा नै निश्चित छैनौ र यसका विभिन्न भागहरू अथवा पक्षहरू के हुन ? केहीले यसलाई मार्क्स, लेनिनको सामान्य विचारका रूपमा बुझ्छन् र यस्तो बुझाइ अपूर्ण, अपर्याप्त र सतही छ । के आवश्यक छ भने विषवस्तुभित्र गहिरोगरी पस्ने र यसको भित्री आत्मीय अर्थलाई बुझ्नु ।

लौ अब हामीले मालेमा विचारको यो अर्थलाई बुझ्न कोशिस गरौ । त्यो समय जब मार्क्स र ऐगेल्सले साम्यवादको सिद्धान्त पहिलोपटक विकास गरिरहेका र प्रचारप्रसार गरिरहेका थिए, ऐगेल्सले, १८४७ मा 'साम्यवादका सिद्धान्तहरू'नामको पुस्तिका ड्राफ्ट गरेका थिए । यसमा उनले कम्युनिज्म भनेको के हो ? त्यसलाई निम्नलिखित ज्यादै सरल तरिकाले परिभाषित गरेका छन्, 'कम्युनिज्म सर्वहारावर्गको मुक्तिका लागि पूर्वावश्यक सिद्धान्त हो ।'

त्यसरी एगेल्सले, यसको संक्षिप्त परिभाषामा वर्णन गर्दछन् कि कम्युनिस्ट विचारको मूलभूत गुण श्रमिक वर्ग(सर्वहारा)को अन्तिम स्वतन्त्रता प्राप्त गर्न आवश्यक हो । यो स्वतन्त्रता अन्त्यमा कम्युनिस्ट समाजको स्थापना गरेर प्राप्त गरिन्छ । स्तालिनले यहि चीजलाई निम्न तरिकाले वर्णन गरेका छन्, 'मार्क्सवाद प्रकृति र समाजको विकासलाई निर्देशित गर्ने कानुनहरूको विज्ञान हो, शोषित र उत्पीडित जनसमूहको क्रान्तिको विज्ञान हो, सबै देशहरूमा समाजवादको विजयको विज्ञान हो, एउटा कम्युनिस्ट समाज विकासको विज्ञान हो ।' प्रथम, यो एउटा विज्ञान हो, जसले समाजमात्रै नभई प्रकृतिको समग्र पक्षसँग जोडिएका विभिन्न प्रश्नहरूको उत्तरहरू दिन्छ । दोस्रो यो क्रान्तिको सन्दर्भको एउटा विज्ञान हो र यो क्रान्ति धनीको (पुँजीपति वर्गको पहिलेका पुँजीवादी क्रान्तिहरू जस्तै) होइन, बरू गरीब र बडो कठिनाइका साथ बाँचेका जनसमूहहरूको क्रान्ति हो । र, तेस्रो यो समाजवादी र कम्युनिस्ट समाजको निर्माणको विज्ञान हो । यो विज्ञानलाई कार्लमार्क्स, भलादिमिर लेनिन र माओत्सेतुङ, जसले यसको स्थापना र विकासका लागि सबैभन्दा महान भूमिका निर्वाहा गरे, ती तीनजना गुरूहरूले विकास गरेको सिद्धान्तको नामबाट आजकल यसलाई मार्क्सवाद–लेनिनवाद–माओवाद नाम दिइएको छ । यी तीन बाहेक, अन्य दुई जना महान् गुरूहरू फ्रेडरिक एगेल्स, जो मार्क्सका समकालीन कमरेड थिए र जसले मार्क्सवादको आधार तयार पार्न उनीसँग नजिकमा रहेर काम गरे र साथै उनले मार्क्सको मृत्युपछि यसलाई अगाडि बढाउन महत्वपूर्ण भूमिका खेले र जोसेफ स्तालिनले लेनिनको मृत्युपछि मार्क्सवाद–लेनिनवादको विकास र त्यसको रक्षा गरे । उनीहरूले खेलेको यो अति महत्वपूर्ण भूमिकालाई हामीले मान्यता दिनै पर्दछ ।

**मार्क्सवाद**

मार्क्सवादवारे १५० वर्षभन्दा ज्यादा पहिले पहिलो पटक मार्क्सद्वारा ऐगेल्सको मद्दतमा काम गरिएको थियो । मार्क्सवादको सैद्धान्तिक भागहरू : द्वन्द्वात्मक भौतिकवादी दर्शन र उनको ऐतिहासिक भौतिकवादको भौतिकवादी अवधारणा, मार्क्सवादी राजनीतिक अर्थशास्त्र जसले पुँजीवादको गतिको नियम पत्ता लगायो र यसका अन्तरविरोधहरू र अतिरिक्त मूल्यको सिद्धान्त जसले शोषणका स्रोतलाई नांगेभार बनाइदियो र वर्ग सङ्घर्षको सिद्धान्तमा आधारित वैज्ञानिक समाजवादको सिद्धान्त र सर्वहाराको वर्गसङ्घर्षको कार्यनीतिहरूलाई निर्देशित गर्ने सिद्धान्तको खाका तयार पार्ने काम गऱ्यो ।

**लेनिनवाद**

यो भनेको साम्राज्यवादी युगको मार्क्सवाद र सर्वहारा क्रान्ति हो । यसको पहिलो पटक विकास लेनिनले रसियन क्रान्तिको दौरानमा अठारौ शताब्दीको अन्त्यतिर दोस्रो अन्तर्राष्ट्रियको अवसरवादसँगको लडाईंमा गरे, र जब तेस्रो अन्तर्राष्ट्रिय हुँदै अन्तर र्ष्ट्रिय कम्युनिस्ट आन्दोलन अगाडि बढिरहेको थियो, लेनिनवादले, मार्क्सवादको रक्षा गर्दै र विकास गर्दै, निम्नलिखित महत्वपूर्ण योगदानहरू गऱ्यो । प्रथम साम्राज्यवादअन्तर्गत पुँजीवादको गतिको नियमको पत्तो लगायो र तिनीहरूले साम्राज्यवादी शक्तिहरूलाई युद्धमा लैजानु अनिवार्य हुनेछ भनेर भविष्यवाणी गऱ्यो । द्वितीय सिद्धान्तको क्षेत्रमा गुणात्मक विकास र समाजवादी क्रान्तिजस्तै पुँजीवादी जनवादी क्रान्तिको दौरान सर्वहारा क्रान्तिको अभ्यासमा जोड दियो । तृतीय सर्वहाराको अधिनायकत्वको सम्बन्धमा स्पष्ट बुझाई, साथै समाजवादी निर्माण सन्दर्भमा पहिला सिद्धान्तहरू जस्तै, जनजाति आन्दोलनहरूका लागि सिद्धान्त र अभ्यास प्रदान गर्दै र उपनिवेशहरूमा आन्दोलनहरू र विश्व समाजवादी क्रान्तिलाई राष्ट्रिय मुक्ति आन्दोलनहरूमा जोड्दै, नयाँ प्रकारको पार्टी–लेनिनवादी पार्टीको संगठनात्मक सिद्धान्तको विकास आदि । स्तालिनले लेनिनवादको रक्षा र विकास, विशेषगरी समाजवादी निर्माणकालमा शासनका नियमहरू र सिद्धान्तहरूमा गरिएको योगदान उल्लेखनीय छ ।

**माओवाद**

यो वर्तमान युगको मार्क्सवाद– लेनिनवादको प्रयोगका लागि एउटा विस्तार र विकास हो । यो माओले चिनियाँ क्राान्तिको कोर्सको दौरान, समाजवादी निर्माणको प्रक्रियाको दौरान, आधुनिक संशोधनवाद विरूद्धको लडाईंमा, र खासगरी महान सर्वहारा साँस्कृतिक क्रान्तिको दौरान यसको विकास गरे । माओवादको योगदानहरूले निम्न विशेषताहरू समावेश गर्दछः १. अन्तरविरोधहरूको सिद्धान्त, ज्ञानको सिद्धान्तको विकास र 'जनताबाट लिएर जनतालाई दिने'को मास लाइनको सुत्रवद्ध, २. नयाँ जनवादको सिद्धान्त, औपनिवेशिक तथा नव-औपनिवेशिकहरूका लागि क्रान्तिको मार्गको सुत्रबद्ध र क्रान्तिका तीन जादुगरी हतियार– पार्टी, जनताको सेना र संयुक्त मोर्चाका निर्माण, ३. दीर्घकालीन जनयुद्धको सिद्धान्तको विकास र फौजी युद्धको सिद्धान्तको विकास, ४. दुई लाइन सङ्घर्षको बुझाइमा आधारित सर्वहारा पार्टीको सङ्गठनात्मक सिद्धान्तको विकास, सुद्धीकरण अभियानहरू र आलोचना र आत्मआलोचना, ५. चिनियाँ र सोभियत अनुभवको आधारमा समाजवादको राजनीतिक अर्थशास्त्रको विकास र समाजवादी रूपान्तरणको प्रक्रियामा अन्तरविरोधहरूको सही सञ्चालनद्वारा समाजवादी निर्माणको प्रक्रियाको द्वन्द्वात्मक बुझाइ, र ६. अन्त्य र अति महत्वपूर्ण, समाजवादलाई मजवुत बनाउन, आधुनिक संशोधनवादका विरूद्ध लडन र पुँजीवादको पुनर्स्थापनालाई रोक्न सर्वहारावर्गको अधिनायकत्वअन्तर्गत निरन्तर क्रान्तिको सिद्धान्त र यसको ठोस परावर्तन महान् सर्वहारा साँस्कृतिक क्रान्तिमा भयो । सारांशमा मार्क्सवाद, लेनिनवाद, र माओवाद यसरी आपसमा बेग्लाबेग्लै विचारहरू होइनन्, बरू उही विचार र एउटैको विकसित र निरन्तर बृद्धिलाई जनाउँछ ।



hukumsingh2012@yahoo.com

## जनप्रदर्शनप्रति ...

एकमतरुपमा संशोधनको प्रस्तावमा सहमत भएको छैन । भारतीय राजदूत र रअका प्रतिनिधिले मधेशी मोर्चा र एमालेका कतिपय नेताहरुलाई प्रभावमा पारेर संशोधन प्रस्ताव पारित गराउन प्रत्यक्ष र परोक्ष रुपमा भूमिका खेलिरहेका छन् । शनिबार मात्र भारतीय राजदूत रञ्जित रेले मधेसी मोर्चाका नेताहरुलाई दूताबासमा बोलाएर संविधान संशोधन प्रस्तावमाथि समर्थन जनाउन दबाब दिएको छ । रअका पूर्व प्रमुख आलोक जोशीले पनि सत्तारुढ दल, एमालेभित्रको इण्डियन लवी र मधेसी मोर्चाका नेताहरुलाई भेटेर संशोधन प्रस्ताव पारित गराउन भूमिका खेलिरको स्रोतले जनाएको छ ।

रञ्जित रेको कदमपछि संशोधन प्रस्ताव पारित हुनेमा आश्वस्त देखिएका प्रधानमन्त्री दाहाल अहिले स्थानीय चुनावको रट लगाउन थालेका छन् । बढ्दो जनआक्रोशलाई मथ्थर पार्न र प्रदर्शनकारीहरुलाई थकाउन दाहालले यस्तो चाल चालेको बुझिएको छ । संसदबाट राजिनामा गरी बाहिरिएका बाबुराम भट्टराईलाई समेत सांसद बनाएर संशोधन प्रस्ताव पारित गर्न दाहाल सरकारले दिल्लीको डिजाइनमा कदमहरु चालिरहेको छ ।

यसैबीच, नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'ले संसदवादी दलहरुले सिमांकनको नाममा जनता भड्काएको आरोप लगाएका छन् । शुक्रबार नवलपरासीको बर्दघाटमा आयोजित कार्यक्रममा अध्यक्ष बैद्यले वर्तमान संविधानले मुलुकमा विद्यमान समस्या समाधान गर्ने हैसियत नराख्ने हुनाले यसको तत्काल खारेज गर्नुपर्ने विचार व्यक्त गरे ।

बैद्यले सिमाङ्कनको बिषय स्थानीय जनताको अधिकारको विषय भएको भन्दै तानाशाही तरिकाले लाद्ने विषय नभएको धारणा राखे । बैद्यले भने, "मधेशी दलहरुसहित घोषणा गरिएको संबिद्यान प्रतिक्रियावादी संबिधान हो, यसको तत्काल खारेजी गर्नुपर्छ ।"

## संशोधनका विरुद्धमा उर्लियो जनमास

पाँच नं. प्रदेश टुक्र्याएको विरुद्धमा पश्चिमका १२ वटा जिल्लाका जनताहरु सडकमा ओर्लिएका छन् । रुपन्देही विगत पाँचदिनदेखि लगातार बन्द छ भने प्राय सबै जिल्लामा विरोध प्रदर्शनहरु भइरहेका छन् । १७ गते बुटबलमा गरिएको संयुक्त विरोध प्रदर्शन र ऱ्यालीमा मानवसागर उर्लिएको थियो । त्यही जनमानसबाट अत्तालिएका प्रधानमन्त्री प्रचण्ड दूताबासको शरणमा परेका थिए । दाहालकै अनुरोधका भारतीय राजदूत रंजित रेले मधेसी मोर्चाका नेताहरुलाई संशोधनको पक्षमा मत जाहेर गर्न निर्देशन दिएका थिए ।

सरकारले संशोधन वधेयक फिर्ता नलिदासम्म आन्दोलन जारी राख्ने बताएका प्रदर्शनकारीहरुले आइतबार पनि काठमाडौं उपत्यका लगायत देशैभर विरोध प्रदर्शन गरेका छन् । ती विरोध प्रदर्शनहरुमा क्रान्तिकारी माओवादी निकट विध्यार्थी, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, युवा, जातीय तथा क्षेत्री मोर्चाको सक्रिय सहभागिता रहेको स्रोतले जनायो

# जातीय समस्याको हल वर्गसंघर्षले नै गर्छ



– नगेन्द्र राई
केन्द्रीय सचिवालय सदस्य, नेकपा (क्रान्तिकारी माओवादी)
महासचिव, अखिल नेपाल आदिवासी जनजाति महासंघ

***संविधान संशोधनको विषयलाई लिएर अहिले देशैभर विरोध प्रदर्शनहरु भइरहेका छन् । पछिल्ला यी घटनाक्रमहरुलाई कसरी हेरिरहनुभएको छ ?***

यो स्वाभाविक छ । किनकि संविधान ‘द्रूतमार्ग’को नाममा सामान्य प्रक्रिया नै नपुर्‍याई जारी गरियो । सर्वपक्षिय, सर्वदलीय सहमति र आम जनताको सहभागिताविना नै जबर्जस्त संविधान लाद्ने काम गरियो । अहिले दर्ता गरिएको संशोधन प्रस्तावमा पनि आन्दोलनरत पक्षसँग सहमति कायम गरिएको छैन । संसदभित्रका पार्टीहरुसँग पनि सहमति गरिएको देखिंदैन । केही नेताहरुले मनोगत रुपमा आफूखुशी ल्याएको हुनाले नै संशोधनको विरोध भइरहेको छ । संसदवादीहरुले नै आफ्नो हित नदेखेको संविधानमा आम श्रमजीवि जनताको हित हुने देखिन्न । संशोधन गर्नुभन्दा यसको खारजी गर्न आवश्यक छ ।

***सिमाङ्कन नामाङ्कन र समग्रमा राज्य पुनर्संरचनाको विषयमा क्रान्तिकारी माओवादीको अवधारणा र दृष्टिकोणबारे बताइदिनुहोस् न ।***

हाम्रो मुलुक बहुजाति, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र भौगोलिक विविधतायुक्त सुन्दर देश हो । तर करिब २५० वर्षदेखि एकात्मक केन्द्रिकृत सामन्तवादी एकल जातीय शासन रह्यो । जुन राज्यसत्ताले वर्गीय, जातीय, क्षेत्रीय र लिङ्गीय उत्पीडन चरम रुपमा गर्‍यो । त्यस्ता उत्पीडनबाट जनताहरुलाई उन्मुक्ति दिनको लागि मुलुकको एकात्मक चरित्रबाट संघात्मक चरित्रमा लानुपर्ने आवश्यकता भयो र क्रान्तिकारी माओवादी मानवले मानवमाथि हुने सम्पूर्ण उत्पीडनको विरुद्धमा लड्ने क्रान्तिकारी पार्टी रहेकोले यहाँका उत्पीडित जाति, आदिवासी, जनजाति, मधेसी, दलितहरुको मुक्तिको लागि आत्मनिर्णयको अधिकारको सैद्धान्तिक स्वीकृतिसहित पहिचान र स्वायत्तताको आधारमा राज्यको पुनर्संरचना हुनुपर्छ भन्ने पार्टीको धारणा हो । अब सिमाङ्कनको कुरा गर्ने हो भने जातिहरुको शासन बसोबास र ऐतिहासिक पृष्ठभूमिको आधारमा सिमाङ्कन गर्नुपर्छ भन्ने हो । र क्रान्तिकारी माओवादी पार्टीको आन्तरिक संरचना पनि सोही आधारमा सिमाङ्कन र नामाङ्कन गरिएको छ । त्यसैले पुष्टि हुन्छ क्रान्तिकारी माओवादीको राज्य पुनर्संरचनाको अवधारणा र दृष्टिकोण ।

***मधेश र पहाडलाई अलग गर्दा मुलुकमा विखण्डन आउँछ भन्ने तर्क पनि गर्न थालिएको छ नि ?***

पहिलो कुरा के हो भने मुलुकलाई सङ्घीयतामा लानु भनेको अलग देश बनाउनु होइन । हाम्रो जस्तो विविधता युक्त देशमा जातिको, समुदायको सभ्यता, पहिचान, भूगोलका विशेषताहरु फरक फरक खालका हुन्छन् । भाषा संस्कृति फरक हुन्छन् । यस्तो विशेषताहरुलाई संघ निर्माण गर्दा आधार बनाउनुपर्ने भएकोले समुदायगत आधारमा भएपनि भौगोलिक सुगमता आधारमा भएपनि पहाड र मधेसको भूगोल अलग हुनसक्छ । संघको सिमानाकै कारणले मुलुक खण्डित हुन्छ भन्नु तर्कसंगत छैन । यो तर्क मूलतः संघीयताविरोधीहरु वा मधेसी र थारुमाथिको निरन्तर उत्पीडन गर्ने मानसिकता बोकेका मानिसहरुको तर्क हो । यद्यपि लेनिनले भन्नुभएको छ कि संघ पूर्ण एकताको दिशामा संक्रमणकालीन रुप हो । हामीले नयाँ आधारमा एकता खोज्न जरुरी भयो । मधेशमा केही अतिवादी व्यक्तिहरुले स्वतन्त्र मधेशको पक्षमा झिनो स्वर बोलिरहेको सुनिन्छ तर मलाई लाग्छ थारु मधेसी जनता र त्यहाँ क्रियाशील राजनैतिक पार्टीहरुको त्यो माग होइन र हुन सक्दैन । तर यदि पहाडले तराई मधेशलाई जहिले पनि उत्पीडन गर्ने मधेसी र थारुलाई हली, गोठाला, खेताला, हरुवा, चरुवा, कमैया नै बनाइराख्ने हो भने उनीहरुको सत्तामा सहभागी हुने आफ्नो राष्ट्र निर्माणमा सहभागी हुने अवसरबाट वञ्चित गरिरहने हो भने जनताले विद्रोह गर्न सक्छ । त्यसैले राष्ट्रको विखण्डन जोगाउन र बलियो राष्ट्रियता निर्माण गर्नका लागि समानता, मातृत्व अनि राष्ट्रिय एकता बन्न जरुरी छ । उत्पीडक र उत्पीडितबीच एकता हुन सक्दैन । त्यसैले सिमाङ्कनले मुलुकको विखण्डन गर्ने होइन, हाम्रो चिन्तन, व्यवहार र चरित्रले गर्ने हो ।

***के अहिलेको संविधान तथा यसमा गरिने संशोधनले मुलुकलाई राजनीतिक निकास दिन सक्छ ?***

कुनैपनि विषयमा संशोधन, परिमार्जन भनेको त सारमा मिलेको, भाषामा, शैलीमा केही अधुरो, अपुरो छ भने त्यसलाई केही थपघट गरेर मिलाउने भनेको हो । तर यो संविधानको छेउटुप्पो मिलेको छैन । संशोधन केमा गर्ने ? कहाँ गर्ने ? कस्तो गने ? के गर्ने ? भन्ने कुनै नेतासँग तर्क छैन । र यो संविधान संशोधनको कुनै औचित्य छैन । किनकि यो संविधान प्रतिगामी छ । १० वर्षको जनयुद्ध, ऐतिहासिक जनआन्दोलन, आदिवासी जनजाति आन्दोलन, मधेसी विद्रोह र विभिन्न वर्ग र समुदाय आन्दोलन अभिव्यक्त मागहरु जनताका भावना, चाहना, सहिदका सपना विपरीत अन्तरिम संविधान २०६३ भन्दा पनि प्रतिगामी आएको छ । यस संविधानले फेरि पनि दलाल नोकरशाही पुँजीपति र सामन्त वर्गकै राज्य व्यवस्थालाई संस्थागत गरेको छ । यो संविधानमा उत्पीडित जाति, वर्ग, क्षेत्र, लिङ्ग र समुदायको अधिकार स्थापित गरेको छैन । त्यसैले यो संविधान संशोधन होइन खारेज गरी संघीय जनगणतान्त्रिक संविधान जारी गर्नुपर्छ । यस्तो संविधानले मात्र जनताका अधिकारहरु स्थापित गर्छ ।

***अहिले कम्युनिस्ट तथा माओवादी आन्दोलनभित्र पनि वर्गीय भन्दा जातीय मुद्दाहरु हाबी हुँदै गए भन्ने आरोपहरु पनि लाग्ने गरेका छन् नि ?***

यो बुझाई गलत हो, कम्युनिस्ट पार्टीको निर्माण नै वर्गीय आधार हो । तर मार्क्सवाद नै त्यस्तो राजनैतिक दर्शन हो जो मानिसले मानिसमाथि हुने सम्पूर्ण उत्पीडनको अन्त्य गर्ने दर्शन हो । यसकारण मार्क्सवादी कम्युनिस्टहरु समाजमा भए गरेका सबै प्रकारका शोषण उत्पीडनको सो तह विरुद्धमा रहन्छ । लेनिन साम्राज्यवादी युगको महान् क्रान्तिकारी दार्शनिक नेता थिए । उनले मार्क्सको नारा ‘संसारका मजदुरहरु एक होऔं’ ठाउँमा ‘सबै मुलुकका मजदुरहरु र थिचिएका जातिहरु एक होऔं’को नारा दिनुभयो । के लेनिन जातिवादी थिए त ? के उत्पीडित जातिहरुको पक्षमा थिए ? लेनिन कम्युनिस्ट थिएनन् त ? क.माओले जनवादी क्रान्तिका दुई कार्यभा भनेर इङ्गित गर्नुभएको एउटा विषय भनेको चिनियाँ समाजमा रहेको हान अहंकारवादको विरुद्धमा थिए । उहाँ हान जातिको हुनुहुन्थ्यो । तर हान जातीय अहंकारवादको डटेर विरोध गर्नुभयो । अब नेपालको सन्दर्भमा भन्ने हो भने वर्ग कहाँ छ ? वर्ग निर्माणको ऐतिहासिक विशेषता के हो ? भन्ने विषयबाट हामीले खोजी गर्नुपर्छ । नेपालमा वर्ग निर्माण ऐतिहासिक विशेषता भनेको नेपालको कथित एकीकरणपछि एकात्मक केन्द्रिकृत सामन्ती एकल जातीय राज्यसत्ताको निर्माण भो त्यो राज्यसत्ताले त्यतिबेलाको उत्पादनको साधन जमिनलाई जागिरको नाममा, बिर्ताको नाममा, गुठीको नाममा, दरबारको वरिपरि रहने जागिरे भाईभारदार, मठ मन्दिर र पुजारीहरुको नाममा कब्जा गरी जमिन आवाद गर्ने, आदिवासी जनजातिहरुलाई हलिया, गोठाला, खेताला, कमैया बनाइयो र उनीहरुलाई दासको रुपमा पनि प्रयोग गरियो । अझै पनि नेपालको गरिबीको तथ्याङ्क हेर्ने हो भने आदिबासी जनजातिहरु समग्रमा ४० प्रतिशत छन् । राउटे, कुसुण्डा, चेपाङ, बोडे, दराई, झाँगड, सन्याल लगायत धेरै जातिहरु ९० प्रतिशतदेखि १०० प्रतिशतसम्म गरिबीको रेखामुनी छन् । वर्ग आदिवासी जनजातिमा छ, वर्ग दलितमा छ, मधेशमा छ, जो हिजो एकल जातीय शासनको उत्पीडनमा परेको छ ।

नेपालको वर्ग निर्माण जातीय उत्पीडनको कारणले बनेको छ । त्यसैले नेपालको विशिष्टतामा क्रान्तिकारीहरुले आफ्नो राजनैतिक कार्यदिशा र कार्यक्रमहरु निर्माण गर्दा यहाँको वस्तुगत धरातलीय यथार्थमा निर्माण गर्नुपर्दछ । त्यो १० वर्षे जनयुद्ध र नेकपा (माओवादी) ले उठाएको थियो । यो सही नीति थियो । आज १० वर्षे युद्धको महारथी प्रचण्ड न उत्पीडित जातिको पक्षमा छन् न त श्रमिक वर्गको पक्षमा नै । उनी संशोधनवादी कित्तादेखि प्रतिक्रियावादी उन्मुख भएका छन् । क्रान्ति, पार्टी, जनतामाथि गद्दारी र धोका दिएका छन् । तर क्रान्तिकारी माओवादीले आफ्नो क्रान्तिकारी विचार कार्यदिशा र कार्यक्रमबाट विचलित भएको छैन । र, क्रान्तिकारी माओवादी जातिवादी पार्टी होइन तर क्रान्तिकारी माओवादी सबै प्रकारको उत्पीडनका विरुद्धमा दृढतापूर्वक उभिने क्रान्तिकारी पार्टी हो । जातीय समस्याको हल वर्गसंघर्षले नै गर्छ भन्ने हाम्रो सैद्धान्तिक मान्यता हो ।

***अहिले मजदुर किसानका मुद्दाहरु त साँच्चै ओझेलमा परेका हुन छ ?***

त्यस्तो होइन, मजदुर र किसानका मुद्दा जबसम्म समाजमा वर्गहरु रहन्छन्, तबसम्म समाजमा वर्गसंघर्ष जारी रहन्छ । वर्गसंघर्षका नेतृत्वदायी शक्ति भएको हुनाले नेकपा (क्रान्तिकारी माओवादी)ले यी मुद्दाहरुलाई आझेलमा पार्ने भन्ने कुरै आउँदैन । बरु नेपाली विशेषतामा वर्गसंघर्षको रुप (किसान-मजदुर आन्दोलनको रुप) नयाँ ढंगले देखापरेको छ । किनकि, हरेक मुलुकको आर्थिक सामाजिक अवस्थामा आधारमा वर्गसंघर्ष र त्यहाँका जनवर्गका आन्दोलनहरुको उठान हुने गर्दछ । नेपाली समाजको वर्ग अन्तरविरोध रुस र चीनको भन्दा फरक छ । हामीले भनिरहेका उत्पीडित आदिवासी जनजाति, मधेसी, थारु, मुस्लीमभित्र आर्थिक हिसाबले उत्पीडित वर्ग( किसान-मजदुर) नै बढी छन् । अर्थात् नेपालको सन्दर्भमा जातीय मुद्दा भनेको नै अन्ततः वर्गीय मुद्दा हो । मुलुकमा जुनसुकै व्यवस्था आएपनि यी वर्ग तथा समुदाय अधिकारसम्पन्न हुन सकेका छैनन् । संघर्ष जारी छ ।

क. माओले भन्नुभएजस्तै जातीय मुक्ति संघर्ष वर्गसंघर्षकै जारी रुप हो । अहिले जातीय मुक्ति आन्दोलनको नेतृत्व उत्पीडित जातिभित्रको उत्पीडित वर्गले गर्न सकेको छैन । जातिको नाममा फेरि पनि यी आन्दोलनको नेता अभिजातवर्गले गरिरहेको छ । जातीय मुक्ति आन्दोलनको नेतृत्व पनि अब यसआन्दोलनभित्रका मजदुर किसानहरुले गर्नुपर्दछ ।

***राष्ट्रियता, जनतन्त्र र जनजीविकाको विषयमा खह्रो रुपमा वकालत गर्दै आएको क्रान्तिकारी माओवादीले अब आन्दोलनलाई कसरी अगाडि बढाउँछ ?***

राष्ट्र र जनताको पक्षमा बोल्नु र संघर्ष गर्नु क्रान्तिकारी कम्युनिस्टहरुको प्रमुख काम र दायित्व हो । सच्चा रुपमा यो दायित्व आज नेकपा (क्रान्तिकारी माओवादी)ले निर्वाह गरिरहेको छ । कम्युनिस्ट पार्टीका आवरण बोकेका धेरै पार्टीहरु छन् नेपालमा । तर तिनीहरुको चरित्र र व्यवहार प्रतिक्रियावादी बुर्जुवाहरुको भन्दा पनि तल गिरेको छ । जनघात र राष्ट्रघातमा उनीहरु नै अगाडि छन् । साम्राज्यवादी र विस्तारवादीहरुसँग लम्पसार परेर दलाली गरिरहेका छन् । गरिबी, अभाव, भ्रष्टाचार, तस्करी, महंगी, कालोबजारी संस्थागत भएको छ । यसका विरुद्ध अब सशक्त आन्दोलनको विकल्प छैन । हाम्रो पार्टी जनतासँग एकाकार भएर जनताको पक्षमा आन्दोलन गरिरहेको छ । पुरानो प्रतिक्रियावादी सत्तामाथि हस्तक्षेप बढाउन देशभक्त जनगणतान्त्रिक मोर्चा समेत निर्माण गरिसकेको छ । सुधारात्मक तरिकाले समस्या समाधान हुने देखिन्न । आमूल परिवर्तनका निम्ति एकल वा संयुक्त आन्दोलनको उठानमा पार्टी जुटिरहेको छ ।

***अहिले अखिल नेपाल आदिवासी जनजाति महासंघको राष्ट्रिय भेलाको तयारीमा जुटिरहनु भएको छ ? तयारी कस्तो हुँदैछ ?***

हामी यही मंसिरको २५ र २६ गते सम्पन्न गर्ने गरी अखिल नेपाल आदिवासी जनजाति महासंघको राष्ट्रिय भेलाको तयारीमा जुटेका छौं । भेलाका लागि दस्तावेज लेखन, प्रतिनिधिहरुको छनौट, एकल जातीय मोर्चा, जिल्ला महासंघहरुमा भइरहेको छ । एकल जातीय तथा जिल्ला महासंघहरुका भेला पनि भइरहेका छन् । समग्रमा राष्ट्रिय भेलाको तयारी सन्तोषजनक रुपमा नै भइरहेको छ ।

***आम आदिवासी जनजातिहरुले यो भेलालाई निकै महत्व दिएर हेरेको देखिन्छ । परिवर्तित परिस्थितिमा नीतिगत रुपमा केही फेरबदल गर्दै हुनुहुन्छ कि ?***

प्रश्न सही गर्नु भो, निश्चित रुपमा हाम्रो संगठन स्पष्ट नीति बोकेका संगठनहरुको सदृढीकरण भएर बनेको हो । नेपालका उत्पीडित आदिवासी जनजातिको मुक्ति/उत्थानका निमित्त हाम्रो संगठनले ऐतिहासिक भूमिका निर्वाह गरेर आएको सर्वविदितै छ । नेपालको जनजाति आन्दोलनको उठान, यही संगठन र नेतृत्वले गरेर आएको छ । र, अहिले पनि यसै संगठनको वैचारिक नेतृत्वमा नै समग्र जनजाति आन्दोलन घुमिरहेको छ । त्यसैले यो संगठनको राष्ट्रियता स्तरको कार्यक्रम आय आदिवासीहरुको चासो स्वभाविक हो । जहाँसम्म नीतिको फेरबदलको कुरा छ, हाम्रो भइरहेको नीति नै सही छ । यसलाई थप परिस्कृत र समृद्ध बनाउने भने हुन सक्छ ।

***नेपालका आदिवासी जनजातिहरुको वास्तविक समस्या र यसको समाधानका विषयमा महासंघका धारणा प्रष्ट पारिदिनुहुन्थ्यो कि ?***

पृथ्वीनारायण शाहले कथित एकीकरणको नाममा षड्यन्त्रपूर्वक खुनी हमला गर्दै आफ्नो राज्य विस्ता गरे । र, नेपाललाई हिन्दु राज्य बनाए । नेपाल बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक, बहुधार्मिक भएको मुलुक हो । तर राज्यले हिन्दु धर्मलाई राज्यको धर्म, खस भाषालाई राष्ट्रिय भाषा, आर्य संस्कृतिलाई राष्ट्रिय संस्कृति र राज्य संचालनमा खस र बाहुन मात्र राखी अन्य जातिहरुमाथि वर्गीय, जातीय, भाषिक, साँस्कृतिक उत्पीडन गरी उनीहरुको भूमि, भाषा, संस्कृतिकलाई नै हरण गरियो र चरम रुपमा जातीय उत्पीडन लादियो । अहिले धेरै राजनीतिक परिवर्तन भएको छ तर सत्ता संचालकहरुको चिन्तन, मनोविज्ञान र चरित्रमा बदलाव आएको छैन । उही पुरानै शासकहरुको शैलीमा विभेदकारी शासन लाद्न अहिलेका शासकहरु पनि उद्दत छन् । उत्पीडित जातिहरुलाई उनीहर स्वायत्त अधिकार, पहिचान, राज्यमा समानुपातिक समावेशी प्रनिधित्वसहितको अधिकार दिन चाहँदैनन् । यी अधिकारहरु हातमा नलिएसम्म आदिवासी जनजातिहरुको मुक्ति सम्भव छैन ।

***वर्गीय र जातीय समस्याको अन्तरसम्बन्धलाई बुझ्ने ? यस सम्बन्धमा रहेका भ्रमहरुलाई कसरी चिर्न सकिन्छ ?***

वर्गीय उत्पीडन आर्थिक आधारमा हुने गर्दछ भने जातीय उत्पीडन नश्लीय, भाषिक, साँस्कृतिक आधारमा हुने गरहेको छ । जातिभित्र वर्ग छ भने वर्गभित्र पनि जाति हुन्छ । वास्तवमा यी अलग अलग समस्या हुन् । तर नेपालमा वर्गीय र जातीय उत्पीडनको साझा वर्ग दुश्मन भनेको एउटै रह्यो । मुठ्ठिभर शासकवर्ग बाहेक अधिकांश नेपाली जनता गरिबीको रेखामुनि छन् । अन्य जातिको आवरणमा रहेका जमिन्दार जनजाति, मधेसी, थारुहरुले पनि यस्तो शोषण उत्पीडनमा भूमिका खेलेका छन् । वर्गभित्र नै जाति पनि रहने हुँदा वर्गीय उत्पीडनको अन्त्यसँगै जातीय उत्पीडनको पनि अन्त्य हुन्छ । जातीय उत्पीडन पनि वर्गीय उत्पीडनकै जारी रुप भएकोले जातीय मुक्ति संघर्षलाई वर्गसंघर्षसँग जोडेर लैजानु पर्दछ । संघर्षको बीचबाट नेपालमा स्थापना गरिने नयाँ जनवादी व्यवस्थाले नै वास्तविक अर्थमा जातीय र वर्गीय उत्पीडनको अन्त्य गर्न सक्नेछ ।

***अन्तमा, छुटेका केही विषय छन् भने राखिदिनुस् न ।***

तपाईको जनप्रिय पत्रिका मार्फत् हाम्रो संगठनको धारणाहरु राख्ने जुन अवर प्रदान गर्नुभयो, तपाई र तपाईंको टिमलाई धन्यवाद ।

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# राज्य सञ्चालनमा महिलाको भूमिका



सिपी गजुरेल 'गौरव'

> महिला अधिकारका लागि भनेर साम्राज्यवादले ठुलो धनरासी खर्च गरेर बनाएका एनजिओ र स्त्रीवादी आन्दोलन र सामन्तवादको बिरोधका नाममा विकृत पुँजीवादलाई समर्थन गर्दछन् र उत्पीडित राष्ट्रहरुमा प्रवेश गराउँदछन्, किनभने उनीहरुको पेसा नै त्यसैमा आधारित हुन्छ । वास्तवमा उनीहरु महिला आन्दोलनकारी होइनन्, साम्राज्यवादले दिएको जागिर खाने जागिरेहरु हुन्, जसले दाताको निर्देशनमा काम गर्दछ ।

राज्यसञ्चालनका सबै तहमा महिलाहरुको भूमिकालाई कसरी सुनिश्चित गर्ने ? त्यो भूमिकालाई वैज्ञानिक र न्यायोचित कसरी बनाउने ? यो विषय केवल नेपाली समाजमा यतिखेर विद्यमान समस्या मात्र नभएर यो विश्वव्यापी समस्या हो । यसको सही समाधान निकाल्न सकिएमा यसले विश्वस्तरका समस्या समाधान गर्न पनि मद्दत हुन सक्ने देखिन्छ । विषयलाई स्पष्ट गर्ने उद्देश्यले यसलाई विभिन्न शीर्षकमा राखेर चर्चा गरिने छ ।

**महिला उत्पीडनको ब्यापकता**

विभिन्न देशका सामाजिक अवस्थामा विविध प्रकारका समस्या हुन्छन् । कतिपय देशमा कतिपय सामाजिक अवस्थामा विद्यमान समस्या अन्य कतिपय देश र सामाजिक अवस्थामा देखा पर्दैनन् । त्यस प्रकृतिका समस्या या त्यहाँ छँदै थिएनन् वा कुनै ऐतिहासिक काल खण्डमा भएको भए पनि अहिले ती समस्याको समाधान भइसकेको छ । त्यसप्रकारको समस्याका रुपमा वर्ण व्यवस्था, वा जात र त्यसका आधारमा हुने भेदभावको समस्या आज संसारका धेरै देशमा छँदै छैनन् । तर, नेपाल र भारत जस्ता देशमा ती समस्या निकै जटिल समस्याका रुपमा विद्यमान् छन् । कुनै समयमा कुनै देशमा विद्यमान् जातीय समस्या अर्को समयमा समाधान भइसकेका हुन्छन् र ती समस्याका रुपमा देखा पर्दैनन् ।

तर, महिला उत्पीडनका समस्या धेरै थोरै प्रायः सबै देशमा विद्यमान् छन् र लामो समय सम्म भइ नै रहने छन् । कतिपय समस्या एकपटक समाधान गरेपछि ती सधैंका लागि समाप्त हुन पनि सक्दछन्, जस्तो कि वर्णाश्रम अथवा जातपातमा आधारित सामाजिक व्यवस्था । तर, महिलाविना कुनै अपवाद संसारका सबै देशमा र सबै कालमा भैरहने कुरा हो । अनन्तकाल सम्म एउटा समाजलाई निरन्तरता दिनका लागि महिला र पुरुष दुबैको आवश्यकता सँधै परिनै रहन्छ र प्राकृतिक रुपमा पनि यो संसारमा महिला र पुरुष त्यतीबेला सम्म रहिनै रहने छन्, जतीवेला सम्म यो संसार रहने छ । विगतमा रुस, चीन लगायतका समाजवादी व्यवस्थामा पुरुषद्वारा महिलामाथिको उत्पीडनको समस्याको समाधान गर्ने काम निकै सिमासम्म भएको थियो । तर, समाजवादी व्यवस्था उल्टिना साथै ती समस्या फेरि ती देशमा देखापर्दै गएका छन् । समस्या र उत्पीडनका रुप अलग अलग छन्, तर सामान्यरुपमा मातृ सत्तात्मक अवस्थालाई छाडेर, महिला उत्पीडनको समस्या एक प्रकारले सार्वभौमिक समस्या हो भन्दा पनि अत्युक्ति नहोला ।

महिला उत्पीडनको समस्याको मुख्य कारण पितृ सत्तात्मक सामाजिक-राजनीतिक व्यवस्था हो । जुन समाज मातृ सत्तात्मक हुन्छ, त्यहाँ महिलामाथि उत्पीडन हुँदैन । हरेक देशमा कुनै न कुनै कालमा मातृ सत्तात्मक व्यवस्था रहेको हुनु पर्दछ । हाम्रो नेपाली समाजमा पनि कुनै बेला मातृसत्ता थियो भन्ने कुरा केही तथ्यहरुले दर्शाउँदछन् । विभिन्न धार्मिक ग्रन्थ महिलाकै वीरता र क्षमताको गाथाको वयान गरेर लेखिएको हामी पाउँदछौं । दशैंको बेलामा नौरथाको बेलामा हामी जुन चण्डी पाठ गर्दछौं, त्यसमा दुर्गा, काली, भगवती आदि देवीहरुका वीरगाथा र स्तुती गरिएको पाइन्छ । निश्चय पनि त्यतीखेर कुनै समयमा महिला सम्मानित थिए र उनीहरु सर्वत्र सक्षम भूमिकामा थिए । फौजी क्षेत्रमा पनि उनीहरु कुशल रहेको कुरा उनीहरुले पुरुष पक्षका ठुला लडाकुहरुलाई पनि पराजित गरेका कहानीहरको त्यहाँ उल्लेख भएको पाइन्छ । संस्कृत भाषामा लेखिएका ती ग्रन्थहरुमा पुरुषहरु "राक्षसहरु"सँग लड्न नसके पछि "देवताहरु"ले देवी, भगवतीको स्तुती गरेर उनीहरुसँग प्रार्थना गरेर, गुहार मागेर राक्षसहरुबाट आफ्नो ज्यान जोगाएका कुराहरु त्यहाँ उल्लेख छन् । आज पनि नेपाली समाजमा कमसेकम वर्षमा एक पटक दशैंमा दुर्गा पुजा धुमधामका साथ गर्ने प्रचलन छ । कुनै समयमा रचिएका शास्त्रीय रचनाहरुमा यस्तो पनि लेखिएको पाइन्छ : "यत्र नार्यस्तु पुज्यन्ते रमन्ते तत्र देवताः"(अर्थात् जहाँ महिलाहरुको सम्मान गरिन्छ, त्यहाँ देवताहरु पनि खुसी हुन्छन्) ।

त्यतिखेर शासन सत्ताको संचालन पनि मूलतः महिलाहरुले नै गरेका थिए भन्ने अनुमान गर्न सकिन्छ, अर्थात् त्यतिखेरको समाज मातृ सत्तात्मक थियो । त्यसकारण, त्यतिबेला महिला माथि सामाजिक र शासकीय उत्पीडन थिएन होला भन्न सकिन्छ । यतिखेरको विश्वमा भएका व्यवस्थाको कुरा गर्ने हो भने, धेरै ठुला असमानताहरु देखा पर्दछन् । हामी अहिले त्यतातिर नजौं । हाम्रै नेपालमा भएको महिला माथिको उत्पीडनतिर केन्द्रीत होऔं ।

**सामन्ती र पुँजीवादी अधिकार**

नेपालमा इतिहासको पछिल्लो काल खण्डमा आउँदा माथि उल्लिखित अवस्था भन्दा नितान्त भिन्न अवस्था देखा पर्दछ । नेपालमा विद्यमान् अर्ध-सामन्ती व्यवस्थाको प्रभाव समाजका सबै क्षेत्रमा देख्न सकिन्छ, त्यसमा महिला क्षेत्र पनि पर्दछ । नारीको सम्मान गर्नु पर्ने कुराको ठिक विपरीत "कुमारी हुँदा बाबुले रक्षा गर्छन्, यौवनको अवस्थामा पतिले रक्षा गर्छन्, बृद्धा भएको अवस्थामा छोराले रक्षा गर्दछन्, त्यसकारण महिला कहिल्यै पनि स्वतन्त्र हुन सक्दैनन्" भन्ने शास्त्रीय रचनाहरु प्रकाशित हुनु त्यतिखेरको महिलाको सामाजिक स्थिति कस्तो रहेछ भन्ने कुराको चित्रण हो । सामन्ती युगमा महिलाको अधिकार कुनै पनि क्षेत्रमा सुनिश्चित भएन । सम्पत्तिमाथि उनीहरुको अधिकार पुरै खोसिएको पाइन्छ । आफ्ना बाबुको सम्पत्तिको उत्तराधिकारी दाजुभाइ हुने र आफ्नै श्रीमान्को सम्पत्तिको हकदार आफूले जन्माएर हुर्काएका छोराहरु हुने तर आफू नहुने अवस्था रहेको थियो । बाबु-आमाको सम्पत्तिमाथि दाजु-भाइ सरह वा कुनै पनि हिस्साको हक महिलालाई अहिलेसम्म पनि प्राप्त भएको छैन । खाली श्रीमान्को सम्पत्तिमाथिको अधिकार कानुनतः प्राप्त छ, तर धेरै ठाउँमा, पिछडिएका ठाउँमा, त्यो हकको उपभोग महिलाले गर्न सकेका छैनन् । सम्पत्तिमाथिको अधिकार भनेको पनि एक प्रकारको सत्ता कै अधिकार हो । सम्पत्तिमाथिको अधिकारबाट वंचित हुनु परेको हुनाले महिलाले धेरै अधिकारबाट वंचित हुनु परेको हुन्छ ।

सम्पत्तिसम्बन्धी अधिकारमा अहिले पनि बाबु-आमाको अंश नपाउनु भनेको छोरा र छोरीको अर्थात् महिला र पुरुषको अधिकार समान नहुनु हो । अर्कोतिर, सामन्ती युगमा श्रीमान्को सम्पत्तिको हकदार छोरा हुने तर श्रीमती नहुने भन्ने नियमको सट्टा अर्धसामन्ती वा केही पुँजीवादी विकास भएको अवस्थामा श्रीमतीलाई त्यो सम्पत्तिको अधिकार प्राप्त भएको छ । मध्ययुगीन सामन्तवादी व्यवस्थामा श्रीमान्को चितामा सँगै जल्नुपर्ने जस्तो क्रुर सती प्रथासम्म पनि थियो । तर, त्यो घटना इतिहासको कलंकका रुपमा मात्र बाँकी छ । सामन्ती व्यवस्थामा एकजना पुरुषले जतिजना पनि श्रीमती ल्याउन र राख्न पाउने व्यवस्था अहिले गैरकानुनी मानिन्छ र त्यसको निमित्त उस्लाई दण्डित गरिन्छ । यी भए नेपाली महिलाले पाएका केही पुँजीवादी अधिकारहरु ।

पुँजीवादको मुख्य नारा हो- "समानता" र "स्वतन्त्रता" । पुँजीवादले महिला र पुरुषलाई समान अधिकार दिने कुराको वकालत गर्दछ । लामो समयदेखि उत्पीडनमा परेका महिलालाई दिइने भनिएको अधिकारको महिलाले समाजका सबै क्षेत्रमा उपभोग गर्न सकेका हुँदैनन् । पुँजीवादमा अभ्यास गरिएका कतीपय "अधिकार"ले त्यहाँ महिलाहरुमाथि थप बोझ र समाजमा नयाँ विकृती पनि पैदा गराएको देखिन्छ । पुँजीवादले महत्वकासाथ उठाउने गरेको "स्वतंत्रता"को विस्तार "यौन स्वतन्त्रता"मा पनि हुन्छ । पुँजीवादी देशमा औपचारिक रुपमा विवाह गर्ने प्रचलन धेरै कम हुँदै गएको छ । औपचारिक रुपमा विवाह गरिसकेपछि पत्नीलाई सम्पत्तिलगायत सबै अधिकार दिनुपर्ने भएको हुनाले पुरुषहरु त्यसबाट बच्नका लागि औपचारिक विवाहबाट पन्सिने गरेको पाइन्छ । विवाह नगरीकन सहवास गर्ने प्रचलन पश्चिमी पुँजीवादी देशहरुमा व्यापकरुपमा पाइन्छ । त्यस दौरानमा पैदा भएका बच्चाहरुको पुरुषले कुनै जिम्मेवारी लिनु पर्दैन । त्यो जिम्मेवारी महिलाकै हुन आउँछ, किनभने आफुले जन्म दिएको बच्चालाई महिलाले परित्याग गर्न सकदैनन् । आज पश्चिमी मुलुकमा लावारिस बच्चाहरुको संख्या यति धेरै बढेको छ कि त्यो समाजका लागि र सरकारका लागि निकै ठुलो चुनौती नै बनेको छ । यसलाई पुँजीवादी व्यवस्थाले महिलाको अधिकारको रुपमा व्याख्या गर्ने गर्दछ । हाम्रो अर्ध-सामन्ती समाजमा पनि यो "अधिकार" विस्तारै भित्रिँदै छ र नेपाली समाजलाई विकृती तिर लैजाँदै छ । जबर्जस्ती, दमन र उत्पीडनमा परेर पनि, दासी भएर पनि एउटी महिलाले पुरुष सँग बसिरहनै पर्दछ भन्ने कुराको वकालत गर्नु सामन्तवाद र पितृसत्ताको पक्ष पोषण गर्नु हो । तर, स्वतन्त्रताको नाममा पुँजीवादी संस्कृति भित्र्याउनु पनि गलत हो । पुरुष र महिला दुबैले एकनिष्ठताको पालना गर्नु, समानता कायम गर्नु नै एउटा आदर्श पारिवारिक जीवन मानिन्छ ।

पुरुषको उत्पीडनबाट मुक्तिका लागि महिलालाई सम्वन्ध विच्छेदका अधिकार दिने कुराको हामीले समर्थन गर्नु पर्दछ । तर, पश्चिमी मुलुकमा पति पत्नीका वीचमा सम्वन्ध विच्छेदका घटना त अती सामान्य बनेको छ । ती देशमा सम्वन्ध विच्छेदको संख्या यती धेरै बढेको छ कि सम्वन्ध विच्छेद नगर्नेको संख्या चाहिँ अत्यधिक कम हुने गरेको बताइन्छ । यसले परिवारमा अत्यधिक मात्रामा विघटन ल्याउने गरेको पाइन्छ । यो संस्कृतीले नेपालमा पनि केही वर्ष यता निकै प्रभाव पारेको कुरा तथ्यांकहरुले बताउँदछन् ।

भनिन्छ, पुँजीवादमा महिलाहरुलाई पुरुष सरहनै समान अधिकार प्राप्त छ । तर, राज्यका निकायमा महिलाहरुको पहुँच पुरुष सरह कतै पनि देखिँदैन । राजनीतिक क्षेत्रमा पनि महिलाहरु पुरुषको तुलनामा अत्यन्त कम देखिन्छन् । राज्यका अन्य क्षेत्रमा पनि महिलाको भूमिका अत्यन्त न्युन देखिन्छ । त्यसकारण, पुँजीवादमा दिइने सर्वत्र "समानता"को नारा केवल जनतालाई विशेषतः महिलालाई झुक्याउने चालवाजी सिवाय अरु केही होइन । सारमा, पुँजीवादमा पनि महिला उत्पीडन कायम नै रहन्छ, कतीपय अवस्थामा त्यो विकृतीका रुपमा र अत्यन्त घृणित रुपमा देखा पर्दछ ।

**एन्जीओ र स्त्रीवादी आन्दोलनको भूमिका**

महिला अधिकारको माग समाजको अत्यन्त जायज माग हो र यो यस प्रकारको माग हो जस्को कसैले पनि बिरोध गर्न मिल्दैन । महिला अधिकारका विरोधीहरु पनि खुला रुपमा बिरोध गर्ने आँट गर्न सक्दैनन् । अर्को पक्ष के पनि छ भने जब कुनै पनि क्रान्तिकारी आन्दोलनमा महिला सहभागिता व्यापकरुपमा हुन्छ, त्यसको सफलताको बढी सुनिश्चितता हुन्छ । महिला सहभागिता बिनाका आन्दोलन माथि दमन गर्न, त्यसलाई निस्तेज बनाउन प्रतिकृयावादीलाई अपेक्षित रुपा सजिलो हुन्छ । आधा जन संख्या नै आन्दोलनबाट कटिएको अवस्थामा त्यो आन्दोलनको प्रभावकारीतामा ठुलो असर पर्दछ । त्यसकारण महिला अधिकारका लागि गरिने आन्दोलन क्रान्तिकारी आन्दोलन बन्न नजाओस् भन्नेमा साम्राज्यवादी र प्रतिकृयावादीहरु अत्यन्त सचेत र होशियार हुन्छन् । महिला आन्दोलनलाई पुरै रोक्नु उनीहरुको क्षमता भन्दा बाहिरको कुरा हो । त्यसैले उनीहरु कृत्रिम प्रकारका "महिला आन्दोलन"को सृष्टि गरेर सच्चा महिला आन्दोलनलाई विकृत पार्ने र त्यसलाई क्रान्तिकारी आन्दोलन सँग जोडिन नदिने र त्यसलाई क्रान्तिबाट अलग पुँजीवादी विकृतीतिर लैजाने आन्दोलन बनाउने सचेत प्रयास गर्दछन् । त्यसका निमित्त उनीहरुले प्रयोगमा ल्याउने गरेका आन्दोलन हुन् : एन् जि ओ वादी र स्त्रीवादी आन्दोलन (feminist movement) । यी दुबैले विशेषतः "महिला अधिकार" का नाममा पुँजीवादी अधिकारको वकालत गर्दछन्, जसको विकृतीको विषयमा माथि चर्चा गरिसकिएको छ । एकथरीले के भन्ने गर्छन् भने सामन्ती अधिकार भन्दा त पुँजीवादी अधिकार प्रगतिशील हुन्छ, त्यसकारण सबै पुँजीवादी अधिकारको समर्थन गर्नु पर्दछ । उनीहरुको भनाईमा त्यसो नगर्नु सामन्तवादको पक्षपोषण गर्नु हुन जान्छ ।

यहाँनेर हामीले प्रगतिशील पुँजीवादी र विकृत पुँजीवादी अधिकारका वीचमा अन्तर गर्न सक्नु पर्दछ । हामी सामन्तवादको सबै क्षेत्रमा विरोध गर्दछौं किनभने त्यो नेपाली समाजको रुपान्तरणका लागि वाधक व्यवस्था हो । त्यसले सबै प्रकारका सामन्ती उत्पीडनलाई कायम राख्ने काम गर्दछ । तर, त्यसको बिरोध गर्ने नाममा पुँजीवादको विकृतीलाई भित्र्याउनु अर्को विडम्वना हुन जान्छ । त्यसकारण हामी सामन्तवादको बिरोध गर्छौं र विकृत पुँजीवादको पनि बिरोध गर्दछौं । ती दुबै प्रतिकृयावादी र जन विरोधी भएका हुनाले हामी दुबैको विरोध गर्दछौं । हामी नयाँ खालको व्यवस्था अर्थात् नयाँ जनवादको समर्थन गर्दछौं । ठिक यही कुरा महिला अधिकारको प्रश्नमा पनि लागु हुन्छ ।

ठिक यहीँनेर हाम्रा क्रान्तिकारी महिला संघ र अन्य संगठनहरुका वीचमा अन्तर देखिन्छ । महिला अधिकारका लागि भनेर साम्राज्यवादले ठुलो धनरासी खर्च गरेर बनाएका एन् जि ओ र स्त्रीवादी आन्दोलन र सामन्तवादको बिरोधका नाममा विकृत पुँजीवादलाई समर्थन गर्दछन् र उत्पीडित राष्ट्रहरुमा प्रवेश गराउँदछन्, किनभने उनीहरुको पेसा नै त्यसैमा आधारित हुन्छ । वास्तवमा उनीहरु महिला आन्दोलनकारी होइनन्, साम्राज्यवादले दिएको जागिर खाने जागिरेहरु हुन्, जस्ले दाताको निर्देशनमा कामगर्दछ । तर क्रान्तिकारी महिला संघले ती दुबैको बिरोध गरेर ती दुबै भन्दा भिन्न नयाँ जनवादी अधिकारलाई स्थापित गराउनका लागि संघर्ष गर्दछन् । यहाँ हामीले ध्यान दिनु पर्ने विषय के छ भने "महिलाको अधिकारका लागि", "महिला हिंसा"का बिरुध्द खोलिएका एन् जी ओ हरु र स्त्रीवादी आन्दोलनले पनि महिला कै हक हितमा काम गरेको देखाउने भएकाले यिनीहरुले क्रान्तिकारि महिला आन्दोलन भित्र पसेर वा तिनको सहयोगी भएको देखाएर तिनलाई समाप्त पार्ने काम गर्दछन् । साम्राज्यवादीहरुले एन् जीओ मार्फत् तेस्रो विश्वका गरीव देशहरुमा चलेको क्रान्तिकारी आन्दोलनलाई गुमराह गर्न र समाप्त पार्नका लागि जुन धनराशी ओइर्‍याउँछन्, त्यो हाम्रो देशको गरीवी हटाउन र नेपालमा रोजगारी सिर्जना गर्नकालागि होइन । नेपालको क्रान्तिकारी आन्दोलन तुहाउनका लागि हो भन्ने कुरामा प्रष्ट हुनु जरुरी छ ।

**महिला आन्दोलन र नौलो जनवादी आन्दोलन**

माथि उल्लेख गरिसकिएको छ कि महिला आन्दोलन अन्य वर्ग, जाति, क्षेत्रको उत्पीडनका बिरुद्धको आन्दोलनभन्दा अलग र छुट्टै किसिमको आन्दोलन हुन सक्दैन । यसलाई छुट्टै र अन्य आन्दोलनसँग सम्बन्ध नभएको आन्दोलन बनाउनका लागि एन्जीओ र स्त्रीवादी आन्दोलनको उद्देश्य रहने गरेको छ । त्यसो मात्र होइन, तिनीहरुले महिला आन्दोलनलाई जनवादी आन्दोलनको विपक्षमा उभ्याउने प्रयास गर्दछन् । यसका निमित्त तिनीहरुले क्रान्तिकारी आन्दोलनलाई, क्रान्तिकारी पार्टीहरुलाई कमजोर पार्न हर प्रकारका प्रयत्नहरु गर्दछन् । तर, सही लाइन के हो भने महिला आन्दोलन समाजमा चल्ने जनवादी आन्दोलनको एउटा महत्वपूर्ण पक्ष हो । यो जनवादी आन्दोलनभन्दा बेग्लै र अलग आन्दोलन होइन र हुनु हुँदैन । नयाँ जनवादी आन्दोलन सफल भएमा मात्र महिलाहरुको असली मुक्ति सम्भव हुन्छ । एउटा प्रतिकृयावादी ... बाँकी ७ पेजमा

◆ झर्रोटेरी ✍ कैलुब्राह

## अन्तरमनको गनगन

के सोचेको थिएँ पहिले, के भयो अहिले । हुँम् । गोबर सोरेर फूल फूलाउँछु भन्दै पढाई सढाई गोली मारेर आएको, आफैँ गोबरभित्र डुबेर जुनी पो बदलियो त ! त्यसैमाथि एकपटक लागेको विद्युतको झट्काले पनि बारम्बार झट्का दिइरहन्छ । हुँम् । आफैतिर आकर्षित गरिरहन्छ । यो करेन्ट भन्ने कुरा पनि खतरनाक नै हुन्दो रहेछ । 'उडायो सपना सबै हुरीले' । समबयी दौँतरीले पटक पटक सत्ताको स्वाद राम्रैसँग चाखिरहेका छन् । आफ्नो त त्यो पनि छैन । न त गोबर सोगरेर बगैँचा सफा गर्न पाइयो, न त गोबरमा डुबेर पनि सत्ताको हालीमुहाली गरेर आफ्नो स्तर उठाउन पाइयो । के दिनमा राजनीति गरिएछ । हुँम् । हुँदा हुँदा ऐले त झन् गुमनाम जस्तै पो भैयो त । आखिरमा घुम्दै फिर्दै रुम्जाटार भने झैँ सुप्रिमोकै फेरो समाएर बैतरणी तर्नुपर्ने रहेछ, पहिला सन्किएर नछोडेकै भए त ऐले सरकारी उपको पद त कहिँ नजाँदो रहेछ । के बुद्धि भएहोला त्यतिबेला । बसौँसम्म वादविवाद चल्दा पनि तटस्थ बसेको मान्छे घार फोड्नेबेला उता लाग्ने बुद्धि मलाई किन आ'को होला । आखिरमा फर्केर यतै आउनु पर्ने रैच पैला नछोडेको भए पनि त हुन्थ्यो ।

सुप्रिमोलाई छोड्ने मेरो मन त खासै थिएन । हुँम् । उता बैद्य बा बुढा छन्, युवा र युद्धकालमा फिल्ड सम्हालेका जति उतै लागे, वौद्धिक र इमान्दार कार्यकर्ताहरू पनि उतै लागेको हुनाले उताको सुप्रिमो भएर चकाचौँध गर्न पाइहालिन्छ कि भन्ने लाग्यो र ढिलै भए पनि मुड चेन्ज गरियो, सोचे जस्तो के हुन्थ्यो ?! भएन । आखिरमा सुप्रिमोकै टाङ मुनि छिर्नु पऱ्यो । सिज अभियानदेखि नै मलाई खड्यन्त्र गरेर सुप्रिमोले पछाडि धकेलेकै हुन् । झन् विद्युतको करेन्ट लागेर बेहोस भएपछि त उनलाई के खोज्छस् काना आँखो भने झैँ भो । मलाई छिड्की हान्ने दाउ खोजेकालाई राम्रो मसला पुगिहाल्यो । उनको टाँग मुनी त चुनवाङमै छिरेको हुँ । एकपटक सुप्रिमोलाई राम्रैसँग स्वाद चखाउँछु म पनि भनेर घार फोडेर हिँडियो । चुनउका बेला घन ठोकेर उनको विरोध पनि गरियो । 'रअ'का एजेन्ट सेजेन्ट पनि भनियो । लाल गद्दार भन्न पनि बाँकी राखिएन । जे होस् मुखको स्वाद त राम्रैसँग फेरियो । म आफैँ गम्छु, राजनीतिमा लाज सरम भन्ने हुने रैनछ । लाल गद्दार झन् झन् गद्दार हुँदैछन् । प्रभुका टाँग मुनी छिर्दा छिर्दा बानी परेका सुप्रिमो योगबाबाको टाँग मुनी पनि लम्पसारै भएर छिरेका छन् । तर पनि तिनैको टाँग मुनी आफू छिर्नु पऱ्या छ । कस्तो अचम्मको हुँदो रहेछ यो संसदवादी राजनीति । लाज सरम क्यै नहुने । हुँम् । ऐले लुथुक्क परेर गुमनाम जस्तै भएर बस्नु पऱ्या छ ।

खुरुखुरु पढेर पिएचडि सिएचडि गरेको भए त प्रोफेसर सोर्फेसर भैइन्थ्यो होला । जीबनभर पेन्सन खाएर जिउन त सजिलो हुन्थ्यो कम से कम । हुँम् । आफैँले राजनीतिको कखरा सिकाएर बामे सराएर पाइटीमा हिँडाको ठिटी समेत सम्माननीय भएर आजिवन राज्यबाट बिशिष्ट सुविधा लिएर बस्ने भइन् । आफू भने माननीयसम्मको पगरी गुथ्न पाइएन । हुँम् । आफ्नै जातको भनेर आफैँले टुपीबाट तानेर पाइटीमा माथि पुऱ्याएका ठिटाले पनि टेर्न छोडे । पानी नपाएर खडेरीले धाँजा फाटेको बर्खे खेत झैँ गुटैगुटले कालकुट भएको पाइटीको सङ्गठन प्रमुखको घाँडो भिरेर बस्नु पऱ्या छ । हुनु न खानुको जिम्मेवारी । कसैले पनि टेर्दैन । सबैले आआफ्नै गुट बनाएर गोठ चला'छन् । सत्ताको स्वाद चाखेकाहरूले कार्को चुनाउका लागि खर्चपर्च जुटाउने मेसो भेटा'का छन् । एउटै पाइटीमा दल नेताले संसदमा विधेयक ल्याउँछन्, उपनेता विरोध गर्दै जुलुसमा भाषण गर्छन् । यसे छ चाला । पंडित बाजेका घरका गाई जस्ता नेता कार्यकर्तालाई सङ्गठन विभागले के लछारपाटो लाउनु । यो सम्झिँदा त 'मुटुमाथि ढुङ्गा राखी हाँस्नु पऱ्या छ' भन्ने गीतको सम्झना आउँछ । हुँम् । के गर्ने ? बेलामा बुद्धिको विर्को लागेपछि यस्तै हुँदो रैछ । हुँम् । गोबरमा जन्मेको किरा गोबरमै गुटुमुटु ।

१९ मङ्सिर २०७३

kailubraha73@gmail.com

# चीन विरुद्ध ट्रम्पले खेल्लान् ताइवान कार्ड ?



केशरमणि कटुवाल

अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले पदभार ग्रहण गर्नुअघि नै विवादास्पद क्रियाकलापका कारण चर्चा पाइरहेका छन् । हुनत, उनको चुनावी यात्रा पनि विवादै विवादले भरिएको थियो । राष्ट्रपतिमा निर्वाचित भएलगत्तै सबैलाई मिलाएर लैजाने अभिव्यक्ति दिएका ट्रम्पको अमेरिकामा नै ठूलो विरोध छ। निर्वाचन प्रचारकै क्रममा चीनलाई चिढ्याउने गरी विवादास्पद अभिव्यक्ति दिएका ट्रम्पले ताइवानका राष्ट्रपति साई इंग-वेनसँग टेलिफोन कुराकानी गरेपछि अमेरिकाको एक चीन नीतिमाथि प्रश्न उब्जिएको छ । ताइवानका राष्ट्रपतिसँग गरिएको कुराकानीले चीन आक्रोशित बनेको छ भने अमेरिकामा नै दुई धार देखिएको छ । ट्रम्पको क्याम्पले ताईवानसँगको कुराकानीलाई सामान्य रुपमा लिएको छ भने ह्वाइट हाउसले ट्रम्पको भनाईले चीनसँगको सम्बन्धमा कुनै असर नगर्ने बताइसकेको छ। अमेरिकाका कुनैपनि राष्ट्रपतिले सन् १९७९ देखि ताइवानसँग औपचारिक संवाद गरेका छैनन्, तर चीनलाई धक्का दिने मामलामा अमेरिकी राष्ट्रपतिहरु चुक्ने गरेका छैनन्। यसपटक भने अमेरिकाको नीतिलाई सपथअघि नै तोडेर ट्रम्पले ताइवानी नेतासँग प्रत्यक्ष संवाद गरेका छन् । कुराकानीका क्रममा आर्थिक, राजनीतिक र सुरक्षाजस्ता महत्वपूर्ण विषयमा कुराकानी हुनुलाई कोरा रुपमा अमेरिका-ताइवान सम्बन्धमात्रै भनेर पुग्ने अवस्था छैन । यो अमेरिकाले चीनमाथि बढाउँदै लगेको दबाबको एउटा कडीको रुपमा बुझ्न आवश्यक छ ।

**ताइवानका राष्ट्रपतिसँग कुराकानी**

ताइवानलाई विश्वका धेरै देशले राष्ट्रको मान्यता दिएका छैनन् भने चीनले यसलाई आफ्नै एक प्रान्तका रुपमा लिने गरेको छ । ट्रम्पले ताइवानका राष्ट्रपतिसँग प्रत्यक्ष कुराकानी गरेर सन् १९७९ देखि अमेरिकाको कुनै पनि ताइवानी नेतासँग प्रत्यक्ष संवाद नगर्ने र एक चीन नीतिको समर्थन गर्ने नीतिलाई चुनौती दिएका छन् । जहाँ आर्थिक, राजनीतिक र सुरक्षालगायतका महत्वपूर्ण विषयमा कुराकानी भएको छ । यो विषय कुनै पनि स्वतन्त्र र सार्वभौम राष्ट्रका नेतासँग गरिने कुराकानीभित्र पर्दछ । जसले अमेरिकाको एक चीन नीतिको बर्खिलाप गरेको छ र ताइवानसँगको प्रत्यक्ष कुराकानीले चीन अमेरिकासँग रुष्ट बनेको छ । चिनियाँ विदेशमन्त्री वांग यीले ताइवानसँग अमेरिकी राष्ट्रपतिमा निर्वाचित ट्रम्पले गरेको कुराकानीलाई ताइवानको चालबाजीको संज्ञा दिएका छन् । ट्रम्पले शुक्रबार एक ट्विट गर्दै ताईवानका राष्ट्रपति साईले आफूलाई फोन गरेको र राष्ट्रपतिमा निर्वाचित भएकोमा बधाई दिएको उल्लेख गरेका छन् । साई इंग वेन गत जनवरीमा ताइवानको राष्ट्रपतिमा निर्वाचित भएकी हुन् । ताइवानले अमेरिकासँग हतियार बेच्न आग्रह गरेपनि ट्रम्पले भने हतियारका विषयमा भने बधाई दिन गरिएको फोनका क्रममा स्वीकार नगरेको ट्रम्पको सचिवालयले जनाएको छ । ट्रम्पले ताइवानका राष्ट्रपतिसँग गरेको कुराकानीलाई चीनमाथि दबाब बढाउने रणनीतिका रुपमा हेरिएको छ । चिनियाँ विदेशमन्त्री वांग यीले ट्रम्पले गरेको कुराकानी एक चीन नीतिविरुद्ध भएको उल्लेख गर्दै यसले अमेरिकाको संस्थागत नीतिमा कुनै परिवर्तन नआउने विश्वास व्यक्त गरेका छन् । उनले भनेका छन्, 'ट्रम्प र ताइवानी नेता साई इंग-वेनबीच भएको फोनवार्ता ताइवानी नेता सेइको चालबाजी मात्र हो, यसबाट एक चीन नीतिमा कुनै भिन्नता ल्याउन सम्भव छैन, मलाई लाग्दैन बर्षौदेखि अमेरिकी सरकारद्वारा महत्व दिइँदै आएको एक चीन नीतिमा फोनवार्ताले असर गर्नेछ ।'

**कसरी विकास भयो ताइवान ?**

ताइवान पूर्वी एसियामा रहेको एक द्विप हो । यो द्विप आफ्नो आसपासका केही द्विपसहित चिनियाँ गणराज्यको एक अंग हो, यसको मुख्यालय ताइवान हो । यसकारण ताइवानको अर्थ चिनयाँ गणराज्यसँगै जोडेर लगाइन्छ । ऐतिहासिक तथा सांस्कृतिक दृष्टिले यो मुख्य भूमि चीनको अंगका रुपमा रहेको छ । यसको स्वतन्त्रता र स्वायत्तताका विषयलाई लिएर लामो समयदेखि विवाद रहँदै आएको छ । ताइवानका बस्ने मूलबासी चीनको फ्युकियन र क्वांगतुंग प्रदेशबाट आएर बसेका चिनियाँका सन्तान हुन् । ताइवानमा चिनियाँ भाषा नै प्रचलनमा रहेको छ, तर ५० वर्षको जापानी शासनको प्रभावबाट यहाँका जनताले जापानी भाषा समेत सिके । चीनको प्राचीन इतिहासमा ताईवान उल्लेख भएको पाइदैन । तर प्राप्त प्रमाणका आधारमा चीनमा तांग वंशको शासन (६१८-९०७) का समयमा चिनियाँहरु ताइवान पुगेका थिए । चीनमा कुब्ला खाँको शासनकाल (१२६०-१२९४) मा नजिकै रहेको पेस्काफोर्डमा नागरिक प्रशासन प्रद्धतिको सुरुआत भयो । जुन समयमा चीनमा सत्ता मिंग वंश (१३६८-१६४४) को हातमा थियो, केही जापानी र चीनबाट गएकाहरुले ताइवानको तटीय क्षेत्रमा आदिवासीलाई हटाएर आफ्नो अधिकार स्थापित गरे । चिनियाँ दक्षिण पश्चिम र जापानी उत्तरी इलाकामा बसेका थिए । सन् १५१७ मा ताइवानमा पोर्चुगाली पुगे । सन् १६२२ मा व्यापारिक प्रतिस्पर्धाबाट प्रेरित भएर डचहरुले पेस्काफोर्डमाथि अधिकार जमाए । दुई वर्षपश्चात चीनले डचसँग सन्धी गऱ्यो । जसअनुसार डचलाई सो द्विपबाट हटाएर आफ्नो व्यापाकेन्द्र ताइवान बनायो र विस्तारै आफ्नो अधिनमा लिए । चीनमा १७ औं शताब्दीमा मिंग वंशको पतन भयो र चिंग वंशको स्थापना भयो । सत्ताच्युत मिंग वंशीय चेंग चेंग कुंगले सन् १६६१-६२ मा ताइवानमा रहेका डचहरुलाई हटाएर आफ्नो राज्य स्थापना गरे । सन् १६८२ मा मांचुओले चेंग चेंग कुंगका उत्तराधिकारीले ताइवानको सम्पूर्ण क्षेत्र आफ्नो हातमा लिए । सन् १८८३ देखि १८८६ सम्म ताइवान फ्युकियन प्रदेशको प्रशासनमा थियो । १८८६ मा यसलाई एक प्रदेशका रुपमा मान्यता प्राप्त भयो । प्रशासनमाथि चिनियाँ सरकारको निगरानी अझै बढेको थियो । सन् १८९५ मा चीन-जापान युद्धपछि ताइवानमाथि जापानी साम्राज्यवाद हाबी हुन पुग्यो, तर ताइवानीहरुले जापानीको शासनलाई अस्वीकार गरे र ताइवान गणराज्यका लागि संघर्ष गरे । द्वितीय विश्वयुद्धपछि कायरो (१९४६) र पोट्सडम (१९४५) को घोषणाअनुसार सेप्टेम्बर १९४५ मा ताइवानमाथि चीनको अधिकार स्थापित भयो । जापानी साम्राज्यवादविरुद्ध च्याङ काई शेक र माओका सेना संयुक्त रुपमा लडेको भएपनि त्यसपश्चात च्याङ काई शेक पुनः अमेरिकी पिछलग्गु बन्न पुगेपछि माओसँग भएको संयुक्त सरकारलगायतको विषय असफल हुन पुग्यो । त्यसपछि सन् १९४७ देखि १९४९ सम्म चिनियाँ जनयुद्ध सशक्त हुन पुग्यो र माओले सञ्चालन गरेको जनयुद्धले च्याङ काई शेकलाई बडाऱ्यो । चिनियाँ जनमुक्ति सेनाले चीनको अधिकांश क्षेत्र नियन्त्रणमा लिएपछि च्याङ काई शेकको नेशनलिस्ट सरकार चीन छाडेर भाग्न बाध्य भयो र च्याङ काई शेकले ताइवानमा गएर आफ्नो सत्ता स्थापना गरे ।

**चिनियाँ जनयुद्धको सफलता**

सन् १९२१ मा चिनियाँ कम्युनिस्ट पार्टीको स्थापना भयो । चीनमा माओले सञ्चालन गरेको जनयुद्ध एक पछि अर्को गर्दै विजयको दिशातिर अघि बढ्यो । १ अक्टोबर १९४९ मा अध्यक्ष माओले जनवादी गणतन्त्र चीनको घोषणा गरे । माओको यो घोषणाले चिनियाँ कम्युनिस्ट पार्टी र नेशनालिस्ट पार्टी कुमिन्ताङबीच चलेको भिषण जनयुद्ध अन्त्य भयो । सन् १९४९ मा माओत्सेतुंगको नेतृत्वमा चिनियाँ कम्युनिस्ट पार्टीले च्याङ काई शेकको कुमिन्ताङ सरकारलाई पराजित गरेपनि लामो समय राष्ट्रसंघको मान्यता पाएको थिएन । यता ताइवानमा भागेर पुगेका च्याङ काई शेकले पटक पटक ताइवानबाट चीनलाई पुनः आफ्नो हातमा लिने असफल षढ्यन्त्र गरिनै रहे । तर उनको केही जोड चलेन । सन् १९७१ सम्म राष्ट्र संघ सुरक्षा परिषदमा चीनको स्थान ताइवानले लिएको थियो ।

सन् १९७१ पछि ताइवानलाई हटाएर चीनलाई राष्ट्र संघ सुरक्षा परिषदमा ल्याइएको हो । त्यसअघि पनि चीनकै रुपमा ताइवानले सुरक्षा परिषदमा सहभागिता जनाउने गर्दथ्यो । चीनले ताइवानलाई आफ्नै प्रान्तका रुपमा मान्दै आएको छ । वासिंगटनले सन् १९७९ मा ताइवानसँगको सबै कूटनीतिक सम्बन्ध तोड्दै 'एक चीन' नीतिको समर्थन गर्दै ताइवानलाई चीनकै प्रान्तको रुपमा स्वीकार गरेको थियो । चीनले ताइवानलाई स्वतन्त्र राष्ट्रको रुपमा अघि बढाउन खोजे सैनिक शक्ति प्रयोग गर्ने चेतावनी दिँदै आएको छ । ताईवानमा पछिल्ला ७० वर्षदेखि अधिकांश समय कुमिन्ताङ पार्टीको शासन चलेको छ । साई इंग वेनको डेमोक्रेटिक प्रोग्रेसिभ पार्टी (डीपीपी) ताइवानको सत्तामा पहिलो पटक आएको हो । यो पार्टीले ताइवानलाई चीनबाट अलग गराउनुपर्ने पक्षमा वकालत गर्दै आएको छ । चीनले भने ताइवान स्वतन्त्र हुन खोजे सैनिक शक्ति प्रयोग गर्ने बताउँदै आएको छ ।

**ताइवान कार्ड खेल्लान् ट्रम्पले ?**

चीन र अमेरिका अहिलेको विश्वमा दुई शक्तिशाली राष्ट्र हुन् । कतिपय अध्ययनमा आर्थिक विकासको क्षेत्रमा चीनले अमेरिकालाई पछि पारेको देखिएको छ । करिब ६५ वर्षअघि माओले चीनमा विजयी हासिल गरेपछि लामो संघर्षपश्चात सन् १९८० को दशकमा मात्रै आर्थिक समृद्धिको यात्रामा अघि बढेको चीनले गरेको यो अभूतपूर्व विकासबाट अमेरिका समेत तर्सिएको छ । अमेरिकाले चीनविरुद्ध पटक पटक विभिन्न कार्ड प्रयोग गर्दै आएको छ । केही समयअघिमात्रै दक्षिण चीन सागरमा चीनविरुद्ध फैसला भएपछि अमेरिकाले त्यसलाई मान्न दबाब दिएको थियो । तर, चीनले त्यसलाई ठाडै अस्वीकार गरिदियो । अमेरिकाले लामो समयपछि पुनः ताईवानसँग गरेको औपचारिक कुराकानीले अमेरिकाको आगामी नीति कस्तो हुन्छ भन्ने बारेमा पुनः आशंका उब्जाइदिएको छ । ट्रम्पले आफ्नो चुनावी प्रचारकै क्रममा चीनसँग दुश्मनी साधेका थिए । सन् १९४९ मा चीनमा चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा सत्ता स्थापना भएपनि सन् १९७१ सम्म अमेरिकाको साथ नपाइको भए च्याङ काई शेक सरकारलाई राष्ट्र संघ सुरक्षा परिषदमा चीनको रुपमा प्रतिनिधित्व गर्न सम्भव थिएन । 'फुटाउ र राज गर' को नीतिलाई राम्रोसँग प्रयोग गर्दै आएको अमेरिकाले चीनको कम्युनिस्ट सरकारलाई पनि लामो समय मान्यता दिएन । तर अन्ततः अमेरिका चीनसामु लत्रिन बाध्य भयो र चीनलाई राष्ट्र संघ सुरक्षा परिषदमा बहाल गर्दै ताइवानलाई हटाइयो । यद्यपि अमेरिकाले १९७९ सम्म ताइवानसँग दोहोरो सम्बन्ध राखेकै थिए । त्यसपछिमात्रै अमेरिकाले एक चीन नीतिलाई समर्थन गरेको हो । तर, विश्व शक्तिमा उदयीमान चीनविरुद्ध ताइवान कार्ड खेल्न अमेरिकालाई सहज हुनेछैन ।

**अमेरिका चीन व्यापार**

अमेरिका चीनको ठूलो बजार हो । अमेरिकी बजारमा चिनियाँ सामग्रीको ठूलो माग हुने गरेको छ । यसैपनि विश्वमा अमेरिकी बजारलाई चीनले विस्थापित गरिरहेको छ । यसकारण अमेरिकी नेताहरुमा चीनको व्यापारिक बजारबाट संकट पैदा हुने गरेको छ । अमेरिकाले पटक पटक व्यापारिक रुपमा चीनलाई पछि पार्न कोशिस गरेपनि अहिले अमेरिका चीनसँगकै व्यापार घाटामा रहेको छ । हरेक पटक अमेरिकी अर्थतन्त्रलाई मजबुत बनाउने, रोजगारी सिर्जना गर्ने र व्यापार बढाउने अमेरिकी राष्ट्रपतिका उम्मेदवारका एजेण्डा बन्न थालेका छन् । यसै विषयलाई लिएर व्यापारिक पृष्ठभूमिका अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्प चुनावी प्रचारका क्रममा चीनको चर्को आलोचना गरेका थिए । गत मे मा इण्डियानामा भएको चुनावी ऱ्यालीलाई सम्बोधन गर्दै उनले भनेका थिए, 'हामी चीनलाई आफ्नो देशसँग लगातार बलात्कार गर्ने स्वीकृति दिन सक्दैनौं ।' यसको अर्थ उनले चीनले व्यापारिक रुपमा अमेरिकालाई तल पारिरहेको अभिव्यक्ति हो । उनले अमेरिकाको तुलनामा चीनको निर्यात बढिरहेको र चलाखीपूर्ण रुपमा मुद्रामा हेरफेर गरिरहेको भन्दै चीनले अमेरिकी व्यापारको हत्या गरिरहेको बताएका थिए । त्यतिमा मात्रै रोकिएनन् ट्रम्प । उनले भने, 'चीन र अमेरिकाको सम्बन्ध बलात्कार गर्नेवाला र बलात्कार पीडितको जस्तो छ ।' उनले सन् २०११ मा पनि न्यु ह्याम्पसायरमा यस्तै अभिव्यक्ति दिएका थिए । अझ रोचक कुरा त के छ भने ट्रम्पले अमेरिकाका जनताको जागिर चीनले हडप्ने गरेको भन्दै कडा अभिव्यक्ति दिएपछि चीनमा ट्रम्पको नामको ट्वाइलेट पेपर बनाइएको थियो । जसमा ट्रम्पको अलग अलग हाउभाउका तस्बिर थिए । यद्यपि यी ट्वाइलेट पेपर सबैभन्दा बढी अमेरिकामा नै बिक्री भए । उनले आफू राष्ट्रपति बनेपछि चीनका सामानमा ४५ प्रतिशत सम्म कर लगाउने घोषणा पनि गरेका थिए ।

सन् २०१५ को मे महिनामा अमेरिकी राष्ट्रपति बाराक ओबामाले चीनले नभई अमेरिकाले व्यापारिक नीति निर्धारण गर्ने अभिव्यक्ति दिएका थिए । सन् २०११ मा अमेरिकी सांसदले पनि ओबामालाई अमेरिकी व्यापारिको पक्षमा आवश्यक कदम चाल्न अपिल गरेका थिए । त्यसबेला पनि चीनमा अमेरिकी सामानका लागि ठूलो बजार देखाइएपनि अमेरिकी व्यापारीले त्यसबाट फाइदा लिन नसकेको भन्दै चीनले गर्ने मुद्राको दामको परिवर्तनमाथि कडा कदम उठाउन सांसदको माग थियो । यसले चीनको व्यापार र आर्थिक विकासबाट अमेरिकी प्रशासन डराएको छ भन्ने प्रष्ट पार्दछ ।

अन्त्यमा, अमेरिका र चीन वर्तमान विश्वका दुई शक्ति राष्ट्र हुन् । फरक यतिमात्रै हो की अमेरिका अहिलेपनि विश्वभर युद्धमा तम्सिइरहेको छ भने चीन त्यसबाट अलग छ र आर्थिक विकासमा निरन्तर लागिरहेको छ । दक्षिण चीन सागर एउटा रणनीतिक महत्वको क्षेत्र हो, जसमा चीनसहित भियतनाम, फिलिपिन्स, कम्बोडियालगायतका देशको पनि दाबीलाई मध्यनजर गर्दै अमेरिकाले त्यसलाई उकासिरहेको छ । दक्षिण चीन सागरको ९० प्रतिशत क्षेत्रमा चीनको दाबी रहेको छ, तर रणनैतिक महत्वको क्षेत्र र बर्सेनि अरबौं डलर बराबरको कारोबार हुने दक्षिण चीन सागरमा चीनको आधिपत्य अन्त्य गर्न पाए आफूले पनि त्यसबाट फाइदा लिन सक्ने अमेरिकी बुझाई रहेको छ । दक्षिण चीन सागरभित्र ताइवानको पनि दाबी छ, तर ताईवान एक अलग देश भन्दा चीनको एक क्षेत्रका रुपमा मानेका कारण चीनले त्यसलाई त्यति ठूलो विषय मान्दैन । चीनको स्वशासित क्षेत्र तिब्बत, हङकङ जस्ता क्षेत्रजस्तै ताईवानपनि उसका लागि रणनीतिक महत्वको क्षेत्र हो । यद्यपि ताइवान सन् १९४९ मा माओले क्रान्ति सम्पन्न गरेदेखि नै च्याङ काई शेकको कुमिन्ताङको शासन स्थापित भएको क्षेत्र हो । लामो समय चीनकै रुपमा मान्यता पाएपनि सत्यको पछि एक दिन सबै स्थापित हुन्छ भनेजस्तै चीनको सत्तालाई मान्यता दिन अन्तर्राष्ट्रिय समुदाय बाध्य भए । अहिले अमेरिकी राष्ट्रपतिमा निर्वाचित डोनाल्ड ट्रम्पले आफ्नो ध्यान सम्पूर्ण रुपमा अमेरिकालाई शक्तिशाली बनाउनमा केन्द्रीत गर्ने र अमेरिकाको काम अरुको चौकीदारी गर्ने नभई आफूलाई पहिले सक्षम बनाउनु भएको बताएका थिए । उनले आफ्नो चुनावी नारा जस्तै अमेरिकालाई फेरि महान् बनाउँछन्, या यस्तै विवादास्पद क्षेत्रमा हात हालेर अमेरिकी प्रशासनलाई झनै ध्वस्त बनाउँछन्, त्यो भने हेर्न बाँकी छ ।







# संस्कृतिहीन राजनीतिको दुर्दशा


ईश्वरचन्द्र ज्ञवाली

*जब माओवादी आन्दोलनका मुख्य नेताहरू सरकारमा गए, ती पतीत भए । तिनलाई सहिद, घाइते, अपांग, बेपत्ता, हिजो सहयोग गर्ने सर्वहारा, गरिब जनता सब घृणाका विषय भए । यो राजनीतिको असंस्कृत परिणति थियो । यो अवसरवाद र व्यक्तिस्वार्थको संस्कारको सामन्ती संस्कृतिको रूप थियो । यो देशप्रेमी आदर्श अनुरूपको भारतीय दलाली, दासता र आत्मसमर्पणवादी संस्कृतिको परिणति थियो ।*

संस्कृति राजनीतिको अत्यन्त महत्वपूर्ण अंश हो । सँस्कृतिबिनाको राजनीति असफल र निस्काम, अकर्मण्यता तथा अर्थहीन हुन्छ भन्ने कुरा १० वर्षको शान्ति प्रक्रियाले पुष्टि गर्छ । संस्कृति जीवन र व्यवहारको, आदर्श र विचारको स्थिर चेतना र संस्कार हो । लामो समयको अनुभव, परम्परा, चलन र प्रयोगको चेतनामूलक परम्परा भएका कारण यो सापेक्ष स्थिरताको कारण बन्छ । राजनीतिले संस्कार प्राप्त गर्न सकेन भने त्यो छिटो पतन हुन्छ । वस्तुतः संस्कृति र संस्कृति विचार-चेतना व्यवहारिक प्रयोग र विशेषता पनि हो ।

दशवर्षको जनयुद्धले संस्कृति स्थापित गर्न नपाउँदै त्यो समाप्त पारियो । सानातिना स्वार्थका अगाडि जनयुद्धका आदर्श मृत भए । अवसरवादले जनयुद्धलाई निकम्मा सावित गरिदियो । व्यक्तिवादी महत्वाकांक्षाहरुले पद, पैसा, प्रतिष्ठालाई मात्रै स्थान दियो । १४ हजार सहिदका रगतको मूल्यलाई होइन, फलतः त्यो सहिदको मृत्यु व्यर्थजस्तै बन्न गयो । केही सीमित अवसरवादी, व्यक्तिवादी, स्वार्थी, लोभी, पापी र नीच, नेताहरुलाई सत्ताको कुर्सीका लागि र खानलाई मात्र सहिदको रगतको प्रयोग गरियो । भव्य ऐश्वर्यमय, वैभवशाली, विलासी भोग/आनन्द प्राप्त गरेपछि उनीहरुले सहिदका सपना, जनताका आकांक्षा, राष्ट्रिय हित, आदर्श र मूल्यको तिलाञ्जली दिए । जनयुद्धले घोषित गरेको सामन्तवादी सत्ता र विस्तारवादी उत्पीडन र शोषणबाट मुक्तिका कुरा कुर्सीको स्वाद र भारतीय दलाली र आत्मसमर्पणमा पतन भए । भकाभक सामन्त वर्ग, प्रतिक्रियावादी वर्ग, यथास्थितिवादी वर्ग साम्राज्यवाद र विस्तारवादसँग राष्ट्रघात र जनघातका सम्झौता, सहमति, साझेदारीका प्रक्रिया सुरु भए । १२ बुँदे, विप्पा सम्झौता, माथिल्लो कर्णाली, अरुण-३, माथिल्लो मर्स्याङदी, ३ बुँदे र २५ बुँदे सम्झौतासम्म आइपुग्दा देशद्रोही, दलाल, दास चरित्र, भ्रष्ट र नैतिकहराम प्रवृत्ति छर्लङ्ग रुपमा नांगो भएर उभियो । माओवादी आन्दोलनको दुःखान्त अन्त्य गर्नका लागि साम्राज्यवादका नोकरहरुले यसको विभाजन, छिन्नभिन्न र एकता आदि गरेका छन् । फुटे पनि जुटेपनि दुवै प्रक्रियाले साम्राज्यवादको हित र राष्ट्रको अहित मात्रै गरेको छ र माओवादी आन्दोलन बिसर्जनसम्म पुग्न लागेको छ । यो सबै संस्कृति र संस्कारको अभावका कारण भएको हो । न त माओवादी आन्दोलनमा संस्कृतिको निर्माण भयो न संसदवादी आन्दोलनमा । दुवै आन्दोलनले राष्ट्रघात र जनघातको बाटो समाते । राष्ट्रघाती महाकाली सन्धि, अरुण-३ माथिल्लो कर्णाली, माथिल्लो मर्स्याङदी, एमआरपी, मुजफरपुर-वीरगञ्ज प्रसारण लाइनजस्ता देशघाती सन्धि गर्नेहरुले विदेशीलाई नागरिकता वितरण गरेर स्वदेशी मधेसीको गाँस र अवसर खोस्नेहरुले अहिले बडो राष्ट्रवादको नारा घन्काएका छन् । उक्त सबै सन्धिमा गरेका अपराधको क्षमायाचना र क्षतिपूर्ति नगर्दासम्म ती कसरी राष्ट्रवादी हुनसक्छन् । त्यसैले संसदवादीहरुको भारतीय दलाली र दासताको संस्कारमा कुनै परिवर्तन आउन सकेन । वीपीको नाम रामनाम जस्तै जप्नेहरुले राष्ट्रहित र स्वाधीनताका लागि वीपीले अवलम्बन गरेको स्वाभिमानी संस्कार र बाटो त्यागेर राष्ट्रद्रोही चरित्रलाई आफ्नो संस्कृति बनाएका छन् । विदेशीको चाकडी गर्ने र सत्तामा बस्ने उद्देश्यले अभिप्रेरित यो संसदवादी राजनीतिको संस्कृति पनि निकम्मा र निस्कृय नै छ । यसरी चाहे जनयुद्ध लडेका माओवादी आन्दोलनका अभियन्ता हुन् वा संसदीय संघर्षबाट स्थापित राजनीतिक दलहरु वा मधेसवादी लाइन समातेका भारतबाट जागृत मधेसी दल सबैमा देशद्रोही र राष्ट्रघाती संस्कृति नै हावी छ । यिनमा नयाँ देशप्रेम, स्वाभिमान र स्वाधीनताको संस्कृति बस्न सकेको छैन । न त जनताका आकांक्षालाई सम्मान गर्ने, उनको हित र प्रगतिमा समर्पित राष्ट्रिय समुन्नत चेतनाको, जनपक्षीय चेतनाको नै संस्कृति बस्न सक्यो । जसले लोकमानजस्तो अख्तियारको कारबाहीमा परेको भ्रष्टलाई अख्तियारकै प्रमुखमा नियुक्ति गर्न समर्पित भयो । यो सबै भारतीय निर्देशनको परिणाम थियो । यस्तै निर्दलीय व्यक्ति खिलराज रेग्मीलाई सरकार प्रमुखमा नियुक्ति गर्न पुग्यो । प्रजातान्त्रिक संस्कृतिबिनाको प्रजातन्त्र र माओवादी संस्कृतिबिनाको माओवादी आन्दोलन दुवै अन्ततः कमल थापासँग घाँटी जोडेर सत्तामा सँगै आसिन हुन पुगे । यो संस्कृतिबिनाको राजनीतिको चरित्र थियो ।

देश भयावह दुर्घटनाहरुमा फस्दै गएको छ । एकपछि अर्को राष्ट्रद्रोही गतिविधि र दुर्घटना देश भोग्न विवश छ । पहिलो तुलनात्मक प्रगतिशील संविधानसभाले तुलनात्मक प्रगतिशील संविधान निर्माण गर्ने सम्भावना भएपछि विघटन गरियो । संघीयतालाई नाम मात्रको संघीयतामा परिवर्तन गर्ने षड्यन्त्र भयो र त्यसको बदनाम गरियो । मानौं संघीयता नै देश टुक्र्याउने कारण जस्तो बदनाम गराइयो । मधेसी र पहाडीको भावना फैलाएर देशभित्रकै सबै नेपालीलाई समेटेर उनलाई नीति निर्माणमा सहभागी गराउन छाडेर थारुमाथि दमन शृङ्खला चलाइयो र कैलाली घटना भयो । मुलुकमा प्राकृतिक स्रोत र जलसम्पदा विदेशीलाई सुम्पने अनेक राष्ट्रघाती सम्झौता यसबीचमा भए । आम जनताले विरोध गर्दागर्दै माथिल्लो कर्णाली जीएमआरलाई दिएरै छाड्ने अपराध भइरहेको छ । युवाजतिलाई विदेश निर्यात गरेर देश खाली गर्ने प्रपञ्च जारी छ । देशका उद्योगधन्दा सबै बेचेर विदेशी लगानीका नाममा दलाल पुँजीपति वर्गलाई अर्थव्यवस्थाको बागडोर सुम्पिएको छ । कृषि उत्पादन २५ प्रतिशतले घटेको छ । तर पहुँचवालाले कृषि अनुदान हसुरीरहेका छन् । जो कृषिको कुनै कर्म गर्दैनन् । बेरोजगारी, गरिबी, महंगी, भ्रष्टाचार, ठगी, शोषण आज हजार गुणा बढिरहेको छ । निरपेक्ष गरिबीको रेखामुनी रहेका जनताको नाममा खुलेको गरिबी निवारण कोष, ठूलाठालु र हुनेखानेको लुटीखाने कोषमा परिणत भएको छ । भ्रष्टाचार हुने मालपोत, राजस्व, कर, भन्सार, भौतिक निर्माण, सडकजस्ता ठाउँलाई अख्तियार टाढाबाट चिहाउन पनि चाहन्न र अख्तियारका कर्मचारीहरु नै भ्रष्टाचार, घुस र कमिसनमा लिप्त छन् । पुँजीगत खर्च र विकास निर्माणको खर्च सबै १० प्रतिशतमा सीमित हुन्छ तर चालु खर्चमा रकमान्तर गरेर लुट जारी छ । यस्ता हजारौं उदाहरण र दृष्टान्त छन्, राजनीतिमा संस्कृतिहीनताका । संस्कृति नैतिक मूल्य, सुन्दर आदर्श, महान आचरण, देश र जनता पक्षीय व्यवहार र त्याग र उदात्त भावनाको स्रोत बन्नुपर्थ्यो राजनीतिमा । तर त्यो त नैतिकहीन, नीच आदर्श, निकृष्ट आचरण, देश र जनता विरोधी लोभ, स्वार्थ र पापले भरिएको संकीर्ण र तुच्छ भावनाको स्रोत बन्यो, नेपाली राजनीतिमा । नेताहरुले राष्ट्रको लागि होइन आफ्नो परिवारको बन्धु, कुटुम्बको र दलभित्र आफ्नो गुटको स्वार्थ र लाभका लागि मात्र सोच्ने संस्कृति बसाले जसले समाज, देश, जनता विरोधी संस्कृतिको बेलवाला बढ्यो । फलत? मान्छे मुल्यमा बिक्री हुन थाले । घुस, कमिसन, भएपछि जस्तोसुकै राष्ट्रद्रोही कदम पनि सम्पन्न गरिन थाले । खुलेआम भ्रष्टाचार साझा संस्कार बन्यो । लुट र ठगी संस्कृति बन्यो । राजनीति संस्कृतिहीन बन्नुको परिणाम थियो, त्यो । वास्तममा १० वर्षको जनयुद्धले सामन्तवादी संस्कृतिको अन्त्य चाहेको थियो । सामन्ती अर्थव्यवस्थाका ठाउँमा नयाँ जनवादी अर्थव्यवस्था चाहेको थियो । एकात्मक र एकाधिकारीप्रथाका ठाउँमा सामाजिक प्रथा खोजेको थियो । भारतीय दलाली, हस्तक्षेप, अतिक्रमण, शोषण, उत्पीडनका ठाउँमा स्वतन्त्र, स्वाभिमानी, स्वाधीन, समुन्नत समृद्ध, विकसित नेपाल चाहेको थियो । तर त्यसो भएन । जब माओवादी आन्दोलनका मुख्य नेताहरु सरकारमा गए, ती पतीत भए । तिनलाई सहिद, घाइते, अपांग, बेपत्ता, हिजो सहयोग गर्ने सर्वहारा, गरिब जनता सब घृणाका विषय भए । यो राजनीतिको असंस्कृत परिणति थियो । यो अवसरवाद र व्यक्तिस्वार्थको संस्कारको सामन्ती संस्कृतिको रुप थियो । यो देशप्रेमी आदर्श अनुरुपको भारतीय दलाली, दासता र आत्मसमर्पणवादी संस्कृतिको परिणति थियो । त्यसैले संसदवाद र भ्रष्ट माओवादीहरुको चारित्रिक पतन भनेकै राजनीतिमा संस्कृतिहीनता हो । संस्कृतिबिनाको राजनीतिक आचरण यस्तै हुन्छ । तसर्थ, फेरि जनताले सोच्ने दिन आएको छ । यो व्यवस्था देश र जनताको हित र पक्षमा छैन । यसलाई नफालिकन नयाँ युग आउन सम्भव छैन । त्यसका लागि फेरि जनवादी क्रान्तिको नयाँ संयोजन आवश्यक छ । माओवादी आन्दोलनको अर्को संस्करण जरुरी छ ।

## कविता

### कति सुन्दर छ क्रान्तिको ज्वाला


■ हस्तबहादुर के.सी.

आहा कति सुन्दर छ क्रान्तिकोज्वाला
गुलावको फूल झै
टपक्क टिपेर
सिउदोमा सिउरेर
ढपक ढपक गरी
हिडि रहौँ रहौँ जस्तो लाग्ने

कति मिठो छ क्रान्तिको ज्वाला
गुलियो चकलेट झै
मुखमा राखेरर
चपाई राखौ राखौ जस्तो लाग्ने

कति नरम छ क्रान्तिको ज्वाला
आँखाको नानीमा राखेर
धेरै धेरै टाढा टाढा सम्म
हेरी रहौँ रहौँ जस्तो लाग्ने

कति नयाँ छ क्रान्तिको ज्वला
दशै तिहारका लागि
बाकसमा साँचेर राखेको
नयाँ चाचा नाना जस्तो
लगाई राखौँ राखौँ जस्तो लाग्ने

कति सुन्दर छ क्रान्तिको ज्वाला
रातलाई पनि दिन जस्तै
उज्यालो पारी चम्काई राख्ने

कति सुन्दर छ क्रान्तिको ज्वाला
अग्लो पहाडको टुप्पोमा बसेर
समुद्रको तटबाट उठेर आएको
सुनामीका लप्का झै
तल र माथि
यता र उता
सर्पहरु बटारिएर उफ्रे झै गरी
कसैले रोक्न नसक्ने ताकत बनेर
सगरमाथा झै बनेर
आएका सुनामीका उछालहरु जस्तै देखिने
क्रान्तिका ज्वारभाटाहरुलाई
निकै दूरदृष्टि लगाएर
हेरी रहौँ रहौँ जस्तो लाग्ने

आहा कति सुन्दर छ क्रान्तिको ज्वाला
समुद्रको तटबाट उठेका
तुफान आँधि र ज्वारभाटाहरुले जस्तै
जनताका ज्यानी दुश्मनहरु र
प्रतिक्रियावादीहरुका फलामे किल्लाहरु
भत्काउदै
नयाँ संसार
नयाँ समाज
नयाँ व्यवस्था
स्थापित गर्ने
नयाँ योजना
बोकेका इन्जिनियर झै लाग्ने
क्रान्तिको सुन्दर ज्वालालाई
अबिस्रान्त आँखाले
हेरी रहौँ रहौँ जस्तो लागि रहन्छ ।

## संविधान संशोधनको नाद ...

पहिलो संविधानसभाले नेपालका उत्पीडित वर्ग, जाति, लिङ्ग, क्षेत्र र समुदायहरुका जनताहरुलाई राज्यको नीति निर्माण गर्ने, निर्णय लिने र निर्णय कार्यान्वयन गर्ने सबै तह र निकायहरुमा समानुपातिक समावेशी प्रतिनिधित्वको व्यवस्था हुने जस्ता हक अधिकारहरुलाई प्रत्याभूत गर्ने गरी संविधानको मस्यौदा तयार पारेको सर्बविदितै छ । त्यसो भएका कारणले गर्दा नै पहिलो संविधानसभालाई षड्यन्त्रमूलक ढंगले अन्त्य गराइएको थियो । त्यसपछि कथित दोस्रो संविधानसभाको चुनावको नाटक रचियो र त्यसमा पश्चगामी तथा पुनरुत्थानवादी एवं यथास्थितिवादी तत्वहरुको वर्चस्व कायम भयो र उनीहरु नै हावी हुन पुगे । जसको परिणामस्वरुप कथित उत्कृष्ट संविधान जारी गर्दा अन्तरिम संविधानका प्रावधानहरुमा व्यवस्था गरिएका जनअधिकार र प्रगतिशिल परिवर्तनका मुद्दा र विषयहरुलाई लत्याउँदै त्योभन्दा पनि पश्चगामी संविधान जारी गरियो । त्यसले गर्दा नै देशमा असन्तुष्टी, आक्रोश र आन्दोलनको अवस्था सिर्जना हुन पुग्यो ।

विगतका आन्दोलन र संघर्षबाट भएका राजनीतिक परिवर्तनमार्फत् हासिल भएका मुख्य उपलब्धिहरु भनेका गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समानुपातिक समावेशी प्रतिनिधित्वको व्यवस्था थिए र हुन् । तीमध्ये धर्मनिपेक्षता तात्कालीन पुनर्स्थापित संसद (प्रतिनिधिसभा)द्वारा २०६३ माघ १ गते अनुमोदित र पारित अन्तरिम संविधानमा संस्थागत गरिसकेको विषय थियो । तर कथित उत्कृष्ट संविधानले धर्मनिरपेक्षताको हुर्मत लिंदै धर्मनिरपेक्षतालाई 'सनातनदेखि चल्दै आएको धर्म, संस्कृतिको रक्षा गर्ने'भन्ने जस्ता हास्याँस्पद परिभाषा दिइएको छ । गणतन्त्र भने पहिलो संविधानसभाको प्रथम बैठकले नै अनुमोदन र कार्यान्वयन गरेको कुरो यस अगाडि नै उल्लेख गरिसकिएको छ । त्यसैगरी, समानुपातिक समावेशी प्रतिनिधित्वको व्यवस्थालाई अन्तरिम संविधानमा व्यवस्था भएको प्रावधानलाई कुण्ठित पारिएको छ । राज्यको संघीय नयाँ संरचनाको विषयलाई तुहाउने हदैसम्मको प्रयत्न भएको थियो भने पछि वाध्यतावश कुनै आधार र मान्यताविना नै मनमौजी र लहडी ढंगले प्रदेश विभाजन गरेको ढोंग रचियो । जबकि पहिलो संविधानसभाले पहिचानका पाँच र सामर्थ्यका चार आधार तय गरिसकेको थियो तर ती आधारहरुलाई नजरअन्दाज गरियो । तथापि पहिलो संविधानसभाले तयार पारेको मस्यौदाहरुलाई स्वीकार गरी अपनत्व ग्रहण गरेको बताइएको थियो । यसरी अन्य विषयहरु भन्दा पनि राज्यको नयाँ संघीय संरचनाको मुद्दा शासक वर्गहरुका लागि गलपासोको रुपमा अगाडि आएको छ । उनीहरुले प्रदेशहरुको नामांकन गरेता पनि सारमा एकात्मक संरचनालाई नै कायम राख्न चाहन्छन् ।

अहिले संविधान संशोधनको एक प्रकारले शंखनाद जस्तै गरिएको छ । त्यसका लागि नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)का नेतृत्व वर्गले विदेशी शक्ति त्यसमा पनि खासगरेर भारतीय विस्तारवादी शासकहरुको आशिर्वाद र समर्थन लिएर सत्तामा आलोपालो गरी बस्नका लागि उसको कठ्पुतली र खेलौनाका रुपमा नाचिरहेको नाच नै हो भन्नुमा कुनै अत्युक्ति हुने छैन । किनभने भारतीय शासकीय नेतृत्वले बारम्बार नेपालको संविधान संशोधन हुनुपर्ने कुरामा जोड दिंदै आएको कुरो स्पष्ट नै छ । त्यसैगरी नेपालको शासन सत्ता चलाइरहेका तत्वहरु भारतीय विस्तारवादको दलाल र चाकरीबाजका रुपमा रहेको तथ्य पनि छर्लङ्गै छ । उनीहरुले आफ्नो देशको संविधान संशोधन गर्नेजस्तो देशको नितान्त अन्तरिक मामिलालाई भारतीय शासकवर्गका अगाडि नै गएर त्यसो गर्ने कुराको प्रतिबद्धता जाहेर गर्दै आएको त जगजाहेरै छ । हालसालै केही मधेशवादी दलहरुलाई भारतीय राजदूत रञ्जित रेले दूताबासमा बोलाएर उनीहरुसँग नेपालको संविधान संशोधनबारेमा छलफल गरेका छन् भन्ने समाचार बाहिर आएको छ । र, भारतीय राजदुतले त्यसप्रकारको भूमिका खेलेर सहयोग पुऱ्याएकोमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड अनुगृहित भएको समाचार सुन्नमा आएको छ । यसले माथि उल्लेख गरिएको विषयलाई झन छर्लङ्ग पारेको छ ।

हाल संविधान संशोधनका विषयलाई लिएर देशका विभिन्न स्थानहरुमा विभिन्न पक्षहरुबाट विरोधका कार्यक्रमहरु पनि भएका छन् । तर ती विरोधका कार्यक्रमहरु आ-आफ्ना संकीर्ण स्वार्थका सीमाबाट प्रेरित भएर अगाडि आएका छन् । हामीले संविधानसँग सम्बन्धित विषयलाई केवल केही विषयहरुमा हुने संशोधन वा विरोधका मुद्दाहरुमा मात्र सीमित गरेर हेर्न र राख्न हुँदैन । किनभने अहिले गर्ने भनिएको संशोधनले संविधानको यथास्थितिवादी सारमा कुनै तात्विक परिवर्तन पनि ल्याउन सक्दैन । बरु त्यसलाई समग्र देश र जनताका बृहत्तर हितलाई ध्यानमा राखेर आन्दोलन र संघर्षलाई अगाडि बढाउनु पर्दछ । त्यसरी आन्दोलन र संघर्ष अगाडि बढाउनका निमित्त देशमा जनगणतन्त्रको स्थापना र जनसंविधानको निर्माणको दिशामा अघि बढ्नु पर्दछ । त्यो कार्यलाई व्यवहारातः कार्यान्वयन गर्नका लागि सम्पूर्ण प्रगतिशिल, परिवर्तनकारी र अग्रगामी शक्तिहरु एकजुट भएर संघर्षमा अगाडि बढ्नु पर्दछ ।

त्यसप्रकारको कार्य स्वतःस्फूर्त रुपमा हुन सक्दैन र त्यसलाई ठोसरुप दिनका लागि क्रान्तिकारी पार्टीले नेतृत्वदायी भूमिका निभाउनु पर्दछ । त्यस उद्देश्यलाई मध्यनजर गरेर योगदान पुऱ्याउनका लागि नेकपा (क्रान्तिकारी माओवादी)को पहलमा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको गठन भएर त्यसका कामहरु जनताका माझमा अगाडि बढिसकेको छ ।

## टोखा नगर कमिटी गठन

**काठमाडौँ ।** नेकपा (क्रान्तिकारी माओवादी)को पूर्वी काठमाडौं जिल्ला अन्तर्गत टोखा नगर संगठन समिति गठन गरिएको छ । पूर्वी काठमाडौं संगठन समिति संयोजक हरिकृष्ण गजुरेलको उपस्थितिमा भएको टोखा नगर भेलाले केशर प्रधानको संयोजकत्वमा १७ सदस्यीय नगर कमिटि गठन गरेको हो ।

कमिटिको सहसंयोजकमा रामशरण गिरी र आशाकाजी महर्जन चयन भएका छन् । समितिका सदस्यहरूमा गोपाल कार्की, सुमित्रा न्यौपाने, बद्रिहरि नेपाल, विज्ञान नेपाल रहेका छन् । त्यस्तै बाबुलाल गोले, हिरालाल गोले, भैरब थापा मगरलाई पनि भेलाले सदस्यमा चयन गरेको छ ।

भेलामा काठमाडौं पूर्वी जिल्ला संयोजक गजुरेलले क्रान्तिकारी पार्टीले मात्रै क्रान्तिको नेतृत्व गर्न सक्ने भन्दै संगठनलाई मजबुत बनाई सशस्त्र विद्रोहमार्फत् नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न सकिने कुरा बताएका थिए ।

# राष्ट्रघाती अपर कर्णाली सम्झौता र यसका असरहरु

राष्ट्रघाती माथिल्लो कर्णाली सम्झौता अहिले चर्चाको शिखरमा छ। कारण हो, विदेशी दलालहरुको प्रतिनिधित्व गरिरहेको बर्तमान सरकारको । थप यसमा देखिएको विवाद र नेपालमा हाल कायम रहेको चरम इन्धनको संकट। नेपालमा हाल हप्तामा करिब ९० घण्टा भन्दाबढी विद्युत कटौतिको मारमा जनता रहेका छन्। त्यसकारण, कुनै पनि जलविद्युत आयोजना बन्न लाग्दा यसको बारेमा बहस तथा चर्चा-परिचर्चा हुनु सामान्य नै मान्नुपर्छ । तर, माथिल्लो कर्णालीको विषयले भने सामान्य भन्दा बढी नै बहस गराएको छ । विभिन्न मिडिया तथा सामाजिक सञ्जालमा यस परियोजनाका विषयमा महत्वका साथ विषयहरु उठान गरिएका छन्।

**यस्तो छ माथिल्लो कर्णालीको पृष्ठभूमि**

माथिल्लो कर्णाली (३०० मेगावाट), अरूण ३ (४०० मेगावाट) र बूढीगण्डकी (६०० मेगावाट) जलविद्युत् आयोजनाहरू स्वदेशी/वदेशी प्रवर्द्धकहरूद्वारा प्रतिस्पर्धाको माध्यमबाट ती आयोजनाहरूको कार्यान्वयन गर्ने उद्देश्यअनुरूप नेपाल सरकार (विभागीय मन्त्रीस्तर) को मिति २०६३।७।१२ (२००६ अक्टोबर २९) को निर्णयानुसार पूर्वसचिव भानुप्रसाद आचार्यको संयोजकत्वमा सात सदस्यीय कार्यदल गठन गरिएको थियो। प्रस्तुत कार्यका लागि नेपाल सरकार (विभागीय मन्त्रीस्तर) को २००६ डिसम्बर १४ (२०६३।८।२८) को निर्णयानुसार विद्युत् विकास विभागले मिति डिसेम्बर १८, २००६ (२०६३।९।३) मा प्रस्ताव आह्वान भएको थियो।

प्रस्ताव आह्वानको प्रस्तुत सूचना प्रकाशित हुनुअघि पनि विभागले सूचना जारी गरे पनि प्रस्तुत सूचनाबाट अघि जारी गरिएका सूचनाहरू रद्द गरिएको हो । प्रस्तुत कार्यका लागि नेपाल सरकार (विभागीय मन्त्रीस्तर) को २००६ डिसम्बर १४ (२०६३।८।२८) को निर्णयानुसार विद्युत् विकास विभागले मिति डिसेम्बर १८, २००६ (२०६३।९।३) मा प्रस्ताव आह्वान गरिएको थियो ।प्रस्ताव आह्वानको प्रस्तुत सूचना प्रकाशित हुनुअघि पनि विभागले सूचना जारी गरे पनि प्रस्तुत सूचनाबाट अघि जारी गरिएका सूचनाहरू रद्द गरिएको थियो । प्रस्तुत कार्यका लागि नेपाल सरकार (विभागीय मन्त्रीस्तर) को २००६ डिसम्बर १४ (२०६३।८।२८) को निर्णयानुसार विद्युत् विकास विभागले मिति डिसेम्बर १८, २००६ (२०६३।९।३) मा प्रस्ताव आह्वान गरिएको थियो । प्रस्ताव आह्वानको प्रस्तुत सूचना प्रकाशित हुनुअघि पनि विभागले सूचना जारी गरे पनि प्रस्तुत सूचनाबाट अघि जारी गरिएका सूचनाहरू रद्द गरिएको थियो। प्रस्तुत कार्यका लागि नेपाल सरकार (विभागीय मन्त्रीस्तर) को २००६ डिसम्बर १४ (२०६३।८।२८) को निर्णयानुसार विद्युत् विकास विभागले मिति डिसेम्बर १८, २००६ (२०६३।९।३) मा प्रस्ताव आह्वान गरेको थियो।


प्रस्ताव आह्वानको प्रस्तुत सूचना प्रकाशित हुनुअघि पनि विभागले सूचना जारी गरे पनि प्रस्तुत सूचनाबाट अघि जारी गरिएका सूचनाहरू रद्द गरिएको गरिएको थियो । कार्यदलदारा छनौटका आधारमा २०६३।८।१२ मा प्रारम्भिक प्रतिवेदन पेश भएका थिए । यी आधारहरू नेपाल सरकार (विभागीय मन्त्रीस्तर) को मिति २०६३।८।१४ (२००६ नोभेम्बर ३० को निर्णयबमोजिम स्वीकृत भएको हो।

**के हो अपर कर्णाली सम्झौता ?**

९ सय मेगावाट क्षमताको अपर कर्णाली हाइड्रोपावर नेपालको सुर्खेतका तीन, दैलेखका पाँच र अछामका दुई गरी १० ओटा गाविसमा निर्माण हुन गइरहेको छ । उक्त आयोजनाले ती क्षेत्रको ४८ हेक्टर निजी र २ सय ७ हेक्टर सार्वजनिक जग्गा ओगट्ने छ । यसका साथै यो आयोजनाले निर्माणाधीन स्थल बाट भारतसम्म जोड्नको लागि छुट्टै ७५.९३ किलोमिटर प्रसारण लाइन निर्माण हुनेछ। उक्त आयोजनाको निर्माण लागत करीब १ खर्ब ४० अर्ब रुपैयाँ रहने अनुमान गरिएको छ । जुन अत्यन्त सस्तो लागतमा बन्ने आयोजना भएको घोषणा भए पनि निर्माणसम्पन्न हुँदा आयोजनाको लागत निकै उच्च बन्ने निश्चित छ।

भारतीय कम्पनी जिएमआरले उक्त आयोजना निर्माणको लागि नेपाल सरकारसँग सम्झौता गरेको छ। नेपाल सरकारले २०६४ माघ १० मा ग्लोबल टेण्डरमार्फत जिएमआरसँग आयोजना निर्माणको लागि सम्झौता गरेको थियो। उक्त सम्झौता अनुसार विद्युत् उत्पादन गरेपछि नेपालले २७ प्रतिशत निःशुल्क शेयर र १२ प्रतिशत (१ सय ८ मेगावाट विद्युत् बर्षायाममा र ३६ मेगावाट हिउदमा) निःशुल्क प्राप्त गर्नेछ । साथै २५ बर्षपछि चालु अवस्थामा सम्पूर्ण स्वामित्व नेपाल सरकारलाई हस्तान्तरण गर्ने छ।

साथै पीडीए सम्पन्न भएको २ वर्षसभित्र जीएमआरले वित्तीय स्रोतको व्यवस्थापन गर्ने र त्यसपछिको ५ देखि ८ वर्षभित्र निर्माण सम्पन्न गर्ने योजना छ । कुनै अवरोध उत्पन्न नभए सन् २०२१ व्यावसायिक रुपमा विद्युत उत्पादन शुरू गरिसक्नु पर्ने हुन्छ। तर यस परियोजनामा रहेको विवाद तथा अवरोधलाई हेर्दा आयोजना सम्पन्न हुनेमा शंका उब्जिएको छ । तर, यसको मुल्यांकन अहिले नै गर्नु अलि हतार नै हुन सक्छ। यो परियोजना श्रीपेच माथीको हिरा अर्थात संसारकै सस्तो जलविद्युत परियोजना हो। माथिल्लो कर्णाली आयोजना विश्वकै सबभन्दा आकर्षकमध्येको आयोजना पनि हो । अर्को यत्तिकै आकर्षक आयोजना दक्षिण अमेरिकी राष्ट्र कोलम्बियामा मात्र छ, विश्वमा ब्राजिल, भारत, चीनलगायतका अन्य कुनै पनि जलविद्युतको प्रचुर सम्भाव्यता भएका मुलुकहरुमा छैन।



दुर्गाप्रसाद काफ्ले 'स्वर्णिम'

**यो सम्झौता किन राष्ट्रघाती ?**

अपर कर्णाली निर्माण सम्झौता पूर्व प्रधानमन्त्री स्वर्गीय सुशील कोइराला नेतृत्वको सरकारले भारतको जीएमआर कम्पनीसँग गरेको थियो । सामान्यता यसप्रकारका सम्झौताहरु गर्दा संसदमा पेश गरी छलफल पश्चात दुइ-तिहाई बहुमतले पारित गर्नुपर्ने नियम हुन्छ । हालको गणतन्त्रात्मक मुलुकमा यो सर्ववीकार्य अभ्यास पनि हो । तर, तत्कालिन सरकारले संसद्को दुईतिहाइ बहुमतबाट पारित गर्नुपर्ने विषयमा संविधानको धारा १५६ लाई छलेर सम्झौता गरिएको थियो । वास्तवमा यो अत्यन्त ठूलो राष्ट्र घात हो। दुःखका साथ भन्नुपर्छ यो सम्झौताको विरुद्ध नेपालका कुनै पनि ठूला दलले यो सम्झौताको विरोध गरेका छैनन् । यसबाट के प्रस्ट हुन्छ भने सत्ता र पैसाका लागि नेपालका दलहरू जस्तोसुकै राष्ट्रघात गर्नबाट पछि पर्दैनन् । यसप्रकारको अति दुर्लभ आयोजना नेपालीको पैसाबाट सम्पन्न नगर्नुको अर्थ के ? यसको जवाफ पनि कसैसँग छैन । बाह्रबुँदे सम्झौताको ऋण तिर्नु तथा कमिसनको खेल। होइन भने उक्त आयोजना नेपालीकै पैसाले निर्माण गरिनुपर्दथ्यो । साथै, अर्को महत्वपुर्ण सत्य के छ भने विश्व बैंकको वित्तीय सहयोगमा नेपाल सरकारले गराएको सन १९८९ को अध्ययन प्रतिवेदन अनुसार यो आयोजनाको जडित क्षमता ३ सय मेगावाट बनाउँदा प्रति किलोवाट लागत ८ सय ३३ डलर पर्छ र जडित क्षमता ९ सय मेगावाट पुऱ्याउँदा प्रति किलोवाट ५ सय ५५ डलर मात्रै पर्छ। तर, यो आयोजनालाई निकासीमुलक बनाइएको छ अर्थात् जीएमआर कम्पनीले यसलाई नाफा कमाउने उद्देश्यले नै बनाउन खोजेको छ । महत्वपूर्ण कुरा के छ भने, नेपालले बिद्युतको यति चरम अभाव झेलिरहेको बेलामा यति सस्तो आयोजनाबाट उत्पादित बिजुली किन निकासी गर्ने ? यसको जवाफ खोज्न जरुरी छ। तर, आश्चर्यजनक कुरा त के हो भने यो आयोजनाको निर्माण पूरा भएपछि नेपालको लोडसेडिङ निराकरण हुने घोषणा सरकारमा आसिन विद्वानहरुले गरेका छन्। तर, सुख्खायाममा नेपालले निःशुल्क प्राप्त गर्ने ३६ मेगावाट मात्र हो र निर्माण भए पश्चात नेपालको माग २४ सय मेगावाटको हाराहारीमा हुनेछ। यस आयोजनाबाट लिने ३६ मेगावाट विद्युत भनेको हात्तिको मुखमा जिरा भनेजस्तो मात्रै हो।

अर्कोकुरा, आयोजनामा उल्लेख भए अनुसार उक्त सम्झौता ९०० मेगावाटको बनाउने भनिएको छ। तर, विज्ञहरुको अनुसार यो आयोजनास्थलको पूर्ण क्षमता ४ हजार १ सय ८० मेगावाट हो । एक पटक यो आयोजनास्थलमा ९ सय मेगावाट क्षमताको आयोजना निर्माण गरिएपछि पूर्ण क्षमताको बहुउद्देश्यीय आयोजना निर्माण गर्ने मौका सदाको लागि अन्त्य हुने निश्चित प्रायः छ। यतिहुँदा हुँदै पनि सरकार यस्तो राष्ट्रघाति सम्झौता किन तत्काल खारेज गरेको घोषणा गर्दैन ? बिडम्बना नै भन्नुपर्छ, यसप्रकारको नेतृत्व हुनु नै आगामी पुस्ताहरुको दुर्भाग्य हो।

यो आयोजनामा ९ सय मेगावाट क्षमताको लागत खर्च ५० अर्ब रुपैयाँ मात्र हो । त्यकारण विश्व बैंकले यसलाई संसारको सबैभन्दा आकर्षक आयोजना मानेको छ । लगानी बोर्डले जीएमआरसँगको मिलेमतोमा १ सय ४० अर्ब रुपैयाँ लागत पर्छ भनेर घोषणा गरिदिएको छ। कि त विश्व बैंकको विज्ञहरुको अनुसन्धानलाई गलत हो भनेर खण्डन गर्न सक्नुपऱ्यो, होइन भने भने यत्रो लागतभन्दा बढी लाग्ने सम्झौता खारेज हुन पऱ्यो।

यहाँ लागतमा चलखेल गर्ने ठुलो षडयन्त्र भइसकेको छ। यसरी बढी लागत देखाएर लगानीकर्ताले ३५ अर्ब रुपैया पूँजी लगानी गरेको हिसाब देखाउने र १ सय ५ अर्ब वित्तीय संस्थाहरुबाट ऋण लिएर आयोजना निर्माण गरेको देखाउने । यथार्थमा ५० अर्ब रुपैयाँ मात्र लागत लाग्ने हुनाले लगानिकर्ताले पूंजी लगानी गर्न नपर्ने र ऋणमध्येको ६५ अर्ब रुपैयाँ चोखै बाँकी रहने देखिन्छ । यो भन्दा नाङ्गो भ्रष्टाचार अरु के हुन सक्छ ? यसप्रकार, योजस्तै बिगतमा भएको अर्को राष्ट्रघाती सम्झौता हाम्रो अगाडी नजिर खडा छ- महाकाली सन्धी। उक्त सन्धि गर्दा कति रकम बाँडियो भन्ने आंकडा नभए पनि बाँड्दा भने जोखेर बाँडेको भन्ने व्यापक चर्चा भएको थियो। हामीकहाँ यस्ता धेरै सम्झौता भएका छन्। उदाहरणको लागि कोशी सम्झौता, गण्डक सम्झौता, कालापानीमा भारतीय सैनिक राख्ने सम्झौता, अरुण तेस्रो सम्झौता लगायत हामीकहाँ यस्ता धेरै सम्झौता भएका छन् जसको हिसाब भावी पीडिले खोज्नेछन्। तर, उक्त आयोजनाबाट भने स्पष्टतः ६५ अर्ब रुपैंयाँ बाँड्न मिल्ने देखा परेको छ । त्यसमाथि राज्यले प्रति मेगावाट ५० लाख रुपैंया दरले अनुदान दिने भनिएकोले अर्को साँढे ४ अर्ब रुपैंया पनि बाड्नका लागि उपलब्ध हुने देखिएको छ।

यसका अतिरिक्त यो आयोजनालाई टर्बाइन, जेनरेटर जस्ता मेसिनरी आयात गर्दा भंसार महसुल १ प्रतिशत मात्र लिएर छूट दिने र मूल्य अभिबृद्धि कर पूर्ण रुपमा छूट दिने व्यवस्था पनि गरिएको छ । एक त यो आयोजना कौडीको भाउमा दिन खोजिएको छ त्यसमाथि, आयोजना बन्दा सरकारले प्राप्त गर्ने करोडौको राजस्व पनि गुमाउने काम भइरहेको छ । आखिर सरकार किन यस्तो काम गरिरहेको छ ? अर्को आश्चर्यको कुरा के छ भने यो आयोजना संचालनमा आएपछि पनि आयमा कर नलाग्ने व्यवस्था गरिएको छ।

त्यसकारण, यसप्रकारका अनेकथरी छुट तथा अनुदान दिइनाले यो आयोजनाले बिक्री गर्ने बिजुलीसस्तो दरमा बिक्री गरिए पनि लगानिकर्तालाई पोषाउने बाहेक अरु केही हुनेवाला छैन। यदि, यो आयोजनाको बिजुली नेपाल भित्रै खपत गरिने भएको भए, बाह्य लगानी भए पनि यसरी विभिन्न छुट दिएर जनताले वा प्राधिकरणले सस्तोमा बिजुली पाएमा यसरी छुट दिएको सार्थक हुन्थ्यो । बिज्ञहरुको अनुसार, यो आयोजनाको लागत १ सय ४० अर्ब रुपैंयाँ नै लाग्ने भएमा भन्सार महशुल र मूल्य अभिवृद्धी कर छुटबाट १७ अर्ब रुपैयाँजति राज्यले राजश्व गुमाउँछ र उल्टो साँढे ४ अर्ब रुपैया नगद अनुदानमा खर्च हुन्छ। त्यसपछि, संचालनमा आएपछि वार्षिक ४ अर्ब आयकर गुमाउँछ।

यसप्रकार, निर्माण कालमा जम्मा २१ अर्ब रुपैयाँ र संचालन कालमा वार्षिक ४ अर्ब रुपैयाँ राज्यले राजश्व गुमाउने गर्दछ । यो कस्तो विकाश दिन खोजेको हो नेपाली जनतालाई ? त्यसकारण, हामीलाई प्रकृतिले दिएको यसप्रकारको बरदान भन्दा चार गुणा सानो आयोजना बन्न नदिन सम्पुर्ण बुद्दिजिबि , पत्रकार , नागरिक समाज , राजनीतिकर्मी, नेपाल सरकारमा लगायत सम्पूर्ण आम जनसमुदायलाइ हार्दिक अपिल गर्दछु। हामीले नगरे कसले गर्ने ? आज नगरे कहिले गर्ने ?होइन भने भाबिपिडिको प्रस्नको जबाफ दिने हैसियत हामीमा हुने छैन ।

## तामाङ मोर्चाको ...

कान्छाराम तामाङ, हजारसिंह तामाङ, दलबहादुर तामाङ, मेग तामाङ लगायत रहेका छन्।

शनिबार उद्घाटन भएको मोर्चाको भेला आइतबार बन्दसत्रले नयाँ कार्यसमित चयन गरेपछि समापन भएको थियो। बन्द सत्रमा नेकपा (माओवादी)का सचिवालय सदस्य तथा पूर्वी ताम्सालिङ इन्चार्ज राम आचार्य, अखिल नेपाल आदिवासी जनजाति महासंघका संयोजक तथा पार्टी सचिवालय सदस्य कमल चौधरी र महासंघका महासचिव तथा पार्टीका सचविालय सदस्य नगेन्द्र राईको उपस्थिति रहेको थियो।

## संक्षिप्त समाचार

### प्यूठानमा १ सय ५ जना क्रान्तिकारी माओवादीमा प्रवेश

**प्यूठान ।** नेकपा (एमाले), नेपाली कांग्रेस, राष्ट्रिय जनमोर्चा, माके, नेकपा (मसाल)लगायत विभिन्न पार्टी परित्याग गरेर १०५ जना नेकपा (क्रान्तिकारी माओवादी)मा प्रवेश गरेका छन् । क्रान्तिकारी माओवादीका अध्यक्ष मोहन वैद्य'किरण'को उपस्थितिमा शनिबार हिम बहादुर केसी, गोरबहादुर केसी, गोविन्द केसी, लक्ष्मण केसी, सिताराम केसी, सुदन केसी, भरत भट्टराई, शिवबहादुर विक, पदम गिरी, केशव केसी, भोजेन्द्र केसी, दिनु गिरी, गिरबहादुर केसी, ज्ञानबहादुर केसी, राजेन्द्र केसी, कमल बहादुर केसी, विष्णु केसी, लालबहादुर केसी, सानु विक, लक्ष्मी केसी, अमृता केसी, सन्तोष केसी, साजन केसी, सरोज केसी, पार्वता केसी, विजय केसी, कमला केसी, गिरबहादुर भण्डारी, तुलसा भट्टराई, लक्ष्मी भण्डारी, हिरा भट्टराई, जीवन भट्टराई, वामदेव केसी, वालिका केसी, सारदा केसी, विष्णु पोखरेल, मिना केसी, केशव खड्का, सरस्वती केसी, सरद विष्ट, गुरुदेव विष्ट, शर्मिला केसी, पार्वता केसी, कृष्ण केसी, सिताराम केसी, सिद्धार्थ केसी, बसन्त केसी, रन्जित विक, निर्मला अधिकारी, शंकर थापा, रेशम नेपाली, गोपाल विक, विष्णु गिरी, रिचमान विक, नरेन्द्र विक, कुलबहादुर थापा, रामबहादुर थापा, तुलाराम खड्का, अनिता थापा, बलबहादुर खड्का, कमला थापा, शान्ता थापा, मिना गुरुङ, लिला गुरुङ, पम्फा खड्का, नारायणी गुरुङ, सरस्वती थापा, भीमा थापा, गीता नेपाली, मधु खड्का, खुमबहादुर नेपाली, विना नेपाली, विष्णु गुरुङ, लम्मी परियार, रामबहादुर नेपाली, विष्णु विक, कृष्णबहादुर केसी, सागर भट्टराई, नरेश जिसी, हेमन्त केसीलगायत क्रान्तिकारी माओवादीमा प्रवेश गरेका हुन्।

### देजमो प्यूठानको संयोजकमा गोपाल नेपाली

**प्यूठान ।** देशभक्त जनगणतान्त्रिक मोर्चा, प्यूठानको संयोजकमा गोपाल नेपाली चयन भएका छन्। सचिवमा लोकबहादुर महतारा चुनिएका छन् भने सदस्यहरुमा पवित्रा घर्तीमगर, पहलमान विष्ट, रविलाल रोका, होमबहादुर महतरा, ज्ञानबहादुर श्रेष्ठ, फुलमति सुनार, विक्रम केसी, प्रेम सोमइ मगर, रमेश नेपाली, रामबहादुर नेपाली, मिना केसी, पदम गिरी, शिवबहादुर विक, केशव खड्का, सिताराम केसी, गोरबहादुर केसी, लिलाकुमारी पण्डित, चित्रा पौडेल, निमलाल दर्लामी, खड्गबहादुर महतरा, जेदबहादुर विक, पूर्णबहादुर महतरा, विनोद सारु मगर, थनबहादुर राना, लोकबहादुर राना, गिता नेपाली, निर्मला अधिकारी, रामबहादुर पोखरेल, लंकबहादुर नेपाली, नवराज नेपाली, मिरा विष्ट, वसन्ता केसी र तेजा खड्का रहेका छन्।

## राज्य सञ्चालनमा ...

व्यवस्थाअन्तर्गत महिला मुक्तिको संभावना छैन । महिला आन्दोलनको दवावका कारण केही माग पुरा भै हाल्यो भने पनि ती क्षणिक मात्र हुन्छन्, आन्दोलन कमजोर हुनेवित्तिकै ती अधिकारहरु खोसिन्छन् । यसको उदाहरण खोज्न टाढा जानु पर्दैन नेपाल नै काफी छ। जनयुद्ध जब शक्तिशाली थियो, जब प्रचण्ड-बाबुराम नवसंशोधनवादी गुटले आत्मसमर्पण र गद्दारीको बाटो समातिसकेको थिएन, त्यतिबेला नेपाली महिलाहरु, खासगरी तल्लो बर्गका महिलाहरुले वास्तविक रुपमा नै उन्मुक्ति पाएजस्तो देखिन्थ्यो । समाजका हरेक क्षेत्रमा महिलाहरु अग्र स्थानमा देखिन्थे । जब माओवादी पार्टीकै ती नेताले प्रतिक्रान्तिको बाटो समाते, क्रान्तिप्रति विश्वासघात गरे, क्रान्तिका उपलब्धिहरु एक एक गरेर खोसिँदै गए, अहिले महिलाहरुको हालत पहिलेजस्तै हुन पुगेको छ।

त्यसैले महिला आन्दोलनले जनवादी आन्दोलनको एउटा सहयोगी आन्दोलनको भूमिका खेल्नु पर्दछ। नयाँ जनवादी आन्दोलनको सफलताले नै महिला मुक्तिको ग्यारेण्टी गर्दछ। यसलाई महिला संगठन र तिनको नेतृत्व गर्ने नेताहरुले राम्रोसँग ध्यान दिनुपर्ने आवश्यकता छ।

**महिलाहरुको राज्य संचालनमा भूमिका**

नेपाली क्रान्ति र ऐतिहासिक जनआन्दोलनको एउटा प्रमुख माग थियो- राज्यको पुनर्संरचना । राज्यको पुनर्संरचना सन्दर्भमा दुईवटा विषय प्रमुख थिए। पहिलो, संघीय संरचना वैज्ञानिक किसिमले गर्ने, पहिचानसहितको संघीयतालाई आधार बनाएर संघीय प्रदेशहरुको संरचना गर्ने । दोस्रो, राज्यका सबै अंगमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने । यी मागहरुलाई नयाँ संविधानमा संम्बोधन गरिनु पर्छ भन्ने माग जोडदार रुपमा उठाइएको छ र यसमा व्यापक समर्थन पनि प्राप्त छ। यसो भएमा राज्यका सबै निकाय र संस्थाहरुमा महिलाहरुको पचास प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरिनु पर्दछ । यसका साथै युगौंदेखि उत्पीडनमा परेको सामाजिक समुदाय भएको हुनाले महिलाले पुरुष सरह प्रतिस्पर्धा गर्न कुनै पनि क्षेत्रमा सक्ने अवस्था रहँदैन । त्यसैले उनीहरुलाई केही समय सम्म विशेष अधिकारको पनि व्यवस्था गरिनु पर्दछ। यो नै अहिलेको सही माग हो। यसलाई स्थापित गरिनु पर्दछ। तर, यथास्थितीवादी र पश्चगामी शक्तिहरु यसलाई पुरा गर्ने पक्षमा छैनन्। "संविधान सभा नं २"मार्फत् बनेको संविधानले तिनीहरुको करिब दुई तिहाई बहुमत कायम रहेको हुनाले महिलाहरुको यो उचित माग पुरा हुन सकेन । त्यस निम्ति महिलाहरु पुनः संघर्षमा उत्रिनु आवश्यक छ। राज्य संचालनमा आफ्नो अधिकार सुनिश्चित गर्नका लागि महिलाहरुले नेपालमा हुने नयाँ जनवादी आन्दोलनमा सकृय भूमिका निर्वाह गर्नका लागि तयार हुनु आवश्यक देखिन्छ। --०७० माघ २७

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस्।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस्।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं, फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेहूथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस्।

धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति
सम्पर्क
कृष्ण सुवेदी – ९८५१०१८९१२
राम के.सी. – ९८५१०५४२६४
होम छन्त्याल – ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४
माइक्रो काउन्टर
काठमाडौं फोन ०१४३८८३९३ | बाग्लुङ ०६८५२२२२०
काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ
A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

## आलोपालो

# कुनमिङदेखि बेइजिङसम्मको चीन भ्रमण : एक अनुभूति


रामसिंह श्रीस

चिनियाँ कम्युनिस्ट पार्टीको अन्तर्राष्ट्रिय विभागले २०७३ मंसिर ६ देखि १५ (२१ नोभेम्बर-३० नोभेम्बर २०१६)सम्म दक्षिण एसियाका लेफ्ट विङ पार्टीहरुको क्याडर ट्रेनिङ क्लासको आयोजना गरेको रहेछ। त्यस अनुसार नेपाल, भारत, बंगलादेश र श्रीलंकाका पार्टीहरुलाई २/२ जना पार्टी क्याडरहरु पठाउन भनिएको रहेछ। त्यहि निम्तो अनुसार म र कमरेड दिनेश शर्मालाई उक्त कार्यक्रममा भाग लिन हाम्रो पार्टीले पठायो। नेपालको प्रतिनिधिका लागि २० नोभेम्बरको दिन काठमाडौंबाट कुनमिङको उडान थियो। कुनमिङमा नेपालबाट नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (माओवादी केन्द्र) र नेकपा (एमाले), भारतबाट भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी), भारतीय कम्युनिस्ट पार्टी र अल इन्डिया फर्वाड ब्लक, बंगलादेशबाट बंगलादेश वर्कर्स पार्टी र बंगलादेश कम्युनिस्ट पार्टी र श्रीलंकाबाट JVP र MEP का प्रतिनिधिहरु भेट भयौं। त्यहाँ हामीलाई चिनियाँ कम्युनिस्ट पार्टीको अन्तर्राष्ट्रिय विभागको एसिया ब्युरोको डेप्युटी डाईरेक्टर वाङ जेङ्ग (Wang Zheng) ले स्वागत गर्नुभो। उहाँको नेतृत्वमा दोभाषेसहित अन्य सदस्यहरु पनि सहभागी हुनुहुन्थ्यो। हामीलाई उहाँले रिशेप्सन म्यानुअल दिनुभयो र म्यानुअल अनुसार हाम्रा कार्यक्रमहरु सुरु भयो।

हामीलाई ऐतिहासिक स्थलहरु, अल्पसंख्यक जातिहरु बस्ने स्थानहरु, विकास निर्माणका प्राजेक्टहरु र विभिन्न विषयमा गरिने रिसर्च सेन्टरहरुमा भ्रमण गराइयो। ऐतिहासिक स्थलहरुमा : १९३५ मा चिनियाँ कम्युनिस्ट पार्टीको राष्ट्रिय सम्मेलन भएको ठाउँ Zunyi (जुन सम्मेलनबाट कामरेड माओ अध्यक्ष हुनुभएको थियो र लङ मार्च सुरु भएको थियो) माओ मेमोरियल हल, फर्बिडेन सिटि(प्यालेस म्युजिएम), ग्रेट वाल आदि स्थानहरुको भ्रमण गराइयो। त्यस्तै अल्पसंख्यक बस्तीहरुमा दोङ्ग भिलेज र बेलाओ भिलेजको भ्रमण गराईयो। विकास निर्माणको क्षेत्रमा जुनयी नगर कमिटिको पार्टी स्कुल, Zhengan Economic Development Zone, Jianfeng Ecological Farm, Taofu कृषि तथा पर्यटक क्षेत्र, Tongren Polytechnic College, Jiufeng Agricalture Base आदिको भ्रमण गरियो। त्यसैगरी, काउन्टी, सिटी र रिसर्च सेन्टरहरु पनि भ्रमण गरियो।



विकास निर्माणका आधारहरु व्यापक तयार पारिएको रहेछ। गाउँ गाउँमा बिकट पहाडहरुमा बाटोको सञ्जाल बनाइएको छ। बिकट गाउँहरुमा पनि उनीहरुको स्थिति अनुसार ठुल्ठूला प्राजेक्टहरु निर्माण गर्दै गरेको देखियो। भेडा फार्म, आधुनिक तरकारी खेती, फलफुल खेती, फूल व्यबसाय, नयाँ औद्योगिक क्षेत्रहरु निर्माण गर्दै गरेको देखियो। विकास निर्माणका कार्यहरु र ऐतिहासिक स्थलहरुको भ्रमण गर्नुका साथै उनीहरुले चिनियाँ कम्युनिस्ट पार्टीको आठारौं केन्द्रीय समितिको छैठौं प्लेनरी सेशनले गरेका निर्णयहरुबारे जानकारी गराए। छैठौं प्लेनरी सेशनको निर्णयबारे २४, २५ र २८ तारिकमा विभिन्न ठाउँमा पार्टी नेता र प्रोफेशरहरुबाट ब्रिफिङ कार्यक्रम भयो र त्यस कार्यक्रममा छलफल गर्ने अवसर पनि दिएको थियो। दक्षिण एसियामा समाजवादी आन्दोलनको विषयमा २९ र ३० तारिकमा सेमिनार र छलफल कार्यक्रमहरु भए।

चिनियाँ कम्युनिस्ट पार्टीको अठारौं केन्द्रीय समितिको छैठौं प्लेनरी सेशनले मुख्यतः दुईवटा दस्तावेजहरु पारित गरेको रहेछ। ती दस्तावेजहरुमा नयाँ परिस्थितिमा पार्टीभित्रको राजनीतिक जीवनको स्पष्टता, नम्सहरुको पालाना र आन्तरिक पार्टी सुपरभिजनको नियमितता, जनवादी कन्द्रीयताको प्रयोग, पार्टी अनुशासनको पालना, भ्रष्टचारलाई निर्मुल पार्ने र कोर लिडरसिपको विकास गर्ने भन्ने कुराहरु गरिएको छ। भ्रष्टचार निर्मूल पार्ने अभियानमा उनीहरुले बाघ र झिंगा कसैलाई नछोड्ने कुरा बताए। भ्रष्टाचारलाई रोक्न कडा नियमहरु बनाउने, अन्तराष्ट्रिय सम्बन्ध बढाउने, पार्टी अनुशासनलाई कडा बनाउने र ठूला साना जतातत‌ै कारबाहीको प्रक्रिया अपनाउने कुरा पनि बताए।

'दक्षिण एसियामा समाजवादी आन्दोलन'बारे भएको सेमिनारमा दक्षिण एसियाको तर्फबाट आठ जनाले र चीनको तर्फबाट छ जनाले कार्यपत्र प्रस्तुत गर्ने काम भयो। दक्षिण एसियामा समाजवाद कसरी स्थापना गर्ने भन्ने विषयमा सबै प्रस्तोताहरुले आ-आफ्नो पार्टीको धारणा राख्ने काम भयो। कतिपय विषयहरु फरक फरक भए पनि दक्षिण एसियामा समाजवाद स्थापना गर्न, साम्राज्यवादको विरुद्ध संघर्ष गर्न अनिवार्य भएको कुरामा भने सबैको सहमति थियो। त्यसको लागि सबै क्रान्तिकारी शक्तिहरु एक हुनुपर्ने कुरामा पनि जोड दिइयो।

# विप्लव माओवादीका पर्यटन मजदुरहरु क्रान्तिकारी माओवादीमा प्रवेश

◆ वर्गदृष्टि संवाददाता/काठमाडौं

विप्लव नेतृत्वको नेकपा (माओवादी) र मजदुर संगठन परित्याग गर्दै देवी बहादुर गौलीको नेतृत्वमा रहेको नेपाल क्रान्तिकारी पर्यटन मजदुर संघमा आवद्ध करिब ५० जना पर्यटन मजदुरहरु क्रान्तिकारी माओवादी निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघमा प्रवेश गरेका छन्। आइतबार क्रान्तिकारी माओवादी निकट पर्यटन मजदुर संघका संयोजक रामबहादुर बस्नेत र विप्लव माओवादी निकट पर्यटन मजदुर संघका संयोजक देवीबहादुर गौलीले संयुक्त रुपमा विज्ञप्ती जारी गरी दुवै संगठन एक भएको र क्रान्तिकारी माओवादीमा समाहित भएको जनाएका छन्।

क्रान्तिकारी माओवादीका सचिवालय सदस्य तथा नेवा राज्य इन्चार्ज दिनेश शर्मा, केन्द्रीय सदस्य तथा अखिल नेपाल ट्रेड यूनियन महासंघका संयोजक इश्वर तिमिल्सिनाको उपस्थितिमा उनीहरु क्रान्तिकारी माओवादीमा प्रवेश गरेका थिए। उनीहरुले संयुक्त रुपमा निकालेको विज्ञप्तीमा भनिएको छ, "विप्लव नेतृत्वको नेकपा (माओवादी)सँग सम्बन्ध विच्छेद गरी किरण नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) र त्यसको भातृ संगठन अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघमा आवद्ध रहेको अखिल नेपाल क्रान्तिकारी पर्यटन मजदुर संघमा एकताबद्ध हुने संकल्प गरेका छौं।"

### पर्यटन व्यवासायीहरु पनि प्रवेश गरे क्रान्तिकारी माओवादीमा

तोरण बहादुर गुरुङको नेतृत्वमा रहेका विप्लव नेतृत्वको नेकपा (माओवादी) निकट पर्यटन



व्यवसायीहरु पनि किरण नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी)मा प्रवेश गरेका छन्। गुरुङले आइतबार एक विज्ञप्ती जारी गरी आफू नेतृत्वका सम्पूर्ण व्यावसायीहरु क्रान्तिकारी माओवादीमा प्रवेश गरेको जनाएका छन्।

## भारु सटहीको व्यवस्था गर्न क्रान्तिकारी माओवादीको माग

**काठमाडौं ।** नेकपा (क्रान्तिकारी माओवादी) अन्तर्राष्ट्रिय विभागका इन्चार्ज सिपी गजुरेलले एक विज्ञप्ती जारी गर्दै भारुको सटही र भुक्तानी व्यवस्था गर्न नेपाल र भारत सरकारसँग जोडदार माग गरेको छ। भारतको मोदी सरकारले भारतीय रुपैयाँ ५०० र १००० दरका नोट र यसको सटही सम्बन्धी निर्णयले त्यहाँका श्रमिक वर्गका जनता, खासगरी भारतमा बस्ने नेपालीलाई परेको आर्थिक मारका विषयमा पार्टीको गम्भीर रुपमा ध्यानाकर्षण भएको भन्दै विज्ञप्तीमा भनिएको छ, "नेपाली जनतामाथि परेको यो मारप्रति ध्यान नदिईरहेकोमा नेपाल सरकारको घोर भर्त्सना गर्दै सरकारको माध्यमबाट नै यो समस्या समाधानका निम्ति अविलम्ब पहल गर्नका लागि नेपाल सरकारसँग जोडदार माग गर्दछौं।"

विज्ञप्तीमा अगाडि भनिएको, "भारु. ५०० र १००० दरका भारतीय नोटको सटही बैंकमा खाता हुनेहरुका लागि मात्र सहज बनाइएको तर खाता नहुनेहरुलाई भुक्तानी लिन सम्भव नहुने गरी नियम बनाइएको, भारतीय बैंकमा खाता खोल्नका निम्ति भारतीय भएको परिचयपत्र अनिवार्य गराइएको अवस्थामा प्रवासी नेपालीहरुले खाता खोल्न सम्भव नहुने कुरा स्वतः स्पष्ट छ।"

त्यस अवस्थामा निम्न आय भएका नेपालीहरुसँग भएको भारु. ५०० र १००० को नोटको सटही र भुक्तानी नगरिएका कारणले उनीहरुमाथि परेको आर्थिक मारलाई समाधान गर्नका निम्ति त्यहाँ नेपालीहरुको बिचमा कार्यरत अखिल भारत नेपाली एकता समाजले भारतस्थित नेपाली राजदूतमार्फत प्रयत्न गर्दा त्यसको कुनैपनि समाधान अहिलेसम्म गरिएको भन्दै विज्ञप्तीमा भारतमा कार्यरत हजारौं श्रमिक निम्न आय भएका नेपालीहरुलाई चरम मार परिरहेको हुँदा भारु.५०० र १००० दरका नोटको सटही र भुक्तानीको व्यवस्था अबिलम्ब गरियोस् भनी हामी भारत सरकारसँग जोडदार माग गर्न चाहन्छौं भनिएको छ।

## वर्गीय मुक्ति ...

माओवादीका केन्द्रीय सचिवालय सदस्य सिताराम तामाङले जातीय मुक्तिका निम्ति उत्पीडित तामाङ समुदायले २०१३ सालदेखि नै संघर्ष गर्दै आएको उल्लेख गर्दै छितरिएर रहेको जातीय आन्दोलनलाई वर्गीय आन्दोलनसँग जोड्नुपर्ने बताए। संसदवादी दलहरुले मुलुकलाई विखण्डनतर्फ लैजान खोजेको भन्दै तामाङले भने, "सबैलाई समान अधिकार र हैसियत दिएर नेपाललाई सबै जाता जाति, जाति, भाषाभाषीको साझा फुलबारी बनाउनुपर्दछ।"

क्रान्तिकारी माओवादीका सचिवालय सदस्य तथा पूर्वी ताम्सालीङका इन्चार्ज राम आचार्यले पनि भेलालाई सम्बोधन गर्दै जातीय मुक्ति आन्दोलनलाई वर्गीय मुक्ति आन्दोलनसँग जोडेर अगाडि नबढाउँदासम्म जातीय मुक्ति आन्दोलन सफल हुन नसक्ने बताए।

अखिल नेपाल आदिवासी जनजाति महासंघका नेता तथा क्रान्तिकारी माओवादीका सचिवालय सदस्य नगेन्द्र राईले वर्तमान संविधान आदिवासी, जनजाति, मधेसी, महिला, दलित, मुस्लीम, थारुलगायत सबै वर्ग, जाति र क्षेत्रविरोधी रहेकोले यसको खारेज गरिनुपर्ने दावी गरे। उनले भने, "प्रतिगामी संविधान खारेज गर्नैपर्दछ।"

तामाङ मोर्चाका संयोजक निमा दोर्जे लामाको अध्यक्षतामा सम्पन्न उक्त भेलाको संचालन सुरेश तामाङले गरेका थिए भने कान्छामान तामाङले स्वागत मन्तव्य राखेका थिए।

क्रान्तिकारी माओवादीका केन्द्रीय सचिवालय सदस्य तथा नेवा राज्य इन्चार्ज दिनेश शर्मा, सहइन्चार्ज पवनमान श्रेष्ठ, अखिल नेपाल आदिवासी जनजाति महासंघका संयोजक तथा क्रान्तिकारी माओवादीका सचिवालय सदस्य कमल चौधरी, पार्टी केन्द्रीय सदस्य फुर्नाम्गेल मोक्तान, गंगादेवी राईलगायतका नेताहरुको उपस्थिति रहेको उक्त भेलामा सामना साँस्कृतिक परिवारका कलालकारहरुले जोशिला क्रान्तिकारी गीतहरु प्रस्तुत गरेका थिए।

## भारतीय योजनामा ...

भारत र केही मधेशवादी दलको चाहना अनुसार सरकारले ५ नं. प्रदेश विभाजन गरी तराईको अलग्गै तराई प्रदेश बनाउने, त्यसका पहाडी जिल्लाहरुलाई ४ नं. प्रदेशमा मिलाउने, अंगीकृत नागरिकता तथा राष्ट्रिय एवं प्रादेशिक सभाको प्रतिनिधित्वको विषयमा संविधान संशोधन विधेयक दर्ता गरेको बताएका छन्। उनले आइतबार भारतीय दूतावासले औपचारिक विज्ञप्ति जारी गरी नेपालको राष्ट्रिय स्वाधीनता र सार्वभौमिकतालाई चुनौति दिंदै राष्ट्रिय राजनीतिमा हस्तक्षेप गर्न खोजेको विज्ञप्तिमा उल्लेख गरेका छन्। विज्ञप्तिमा संविधानको यो संशोधन प्रस्ताव नेपालको आवश्यकता नभई भारतको स्वार्थ अनुरुप भारत कै योजनामा आएको र त्यसैका लागि यो सरकारको गठन भएको दावी गरिएको छ।

यता आइबारै व्यवस्थापिका संसदको बैठकमा नेपाल मजदुर किसान पार्टीकी सांसद अनुराधा थापा मगरले संविधान संसोधन नेपाली जनताको माग नभई भारत सरकारको चाहना बमोजिम हुन लागेको भन्दै त्यसमा समर्थन जनाउन नसकिने बताएकी छन्। उनले भारतले राप्रपालाई एकीकरण गराएको र एमाले बिभाजन गर्ने प्रयास भइरहेको भनेपछि संसदमा केहीबेर होहल्ला पनि भएको थियो।

सांसद थापा मगरले भारतीय दूतावासमा गएर भोज खाने मधेशी मोर्चाका नेताहरुले मधेशी जनताको नाममा भारत सरकारको सेवकको काम गरिरहेको पनि आरोप लगाइन्।

विदेशीको इशारामा ल्याएको संविधान संसोधन बिधेयक फिर्ता नभएसम्म संसद बैठक अघि बढ्न नदिने बताएकी छन्। सभामुखले मंसिर २२ गतेसम्मका लागि बैठक स्थगित गरेकी छन्।

## सरकारलाई ...

लागि अझै दवावको आवश्यकता रहेको बताए। उनले नेता र सरकार आफनो माग पूरा गर्न संवेदनशील नबनेकोमा दुखेसो गरेका थिए। डा. केसीको माग अनुसार डिन केपी सिंहले राजीनामा दिएका छन् भने जेपी अग्रवाल डिन नियुक्त भइसकेको छन्।

सम्झौतामा 'प्राज्ञिक विशिष्ठता र योग्यताका आधारमा विश्वविद्यालय तथा प्रतिष्ठानको सिनेटबाट पदाधिकारी नियुक्त गर्न मौजुदा कानुनमा आवश्यक परिमार्जन गरिने, 'सबै विश्वविद्यालय र प्रतिष्ठानहरूको प्राज्ञिक मर्यादा कायम हुने गरी संरचनामा परिवर्तन गर्न र प्राज्ञिक विशिष्ठता तथा योग्यताका आधारमा सम्बन्धित संस्थाका सभा (सिनेट) बाट पदाधिकारी नियुक्ति गर्न मौजुदा कानुनमा आवश्यक परिवर्तन गर्ने मागका सन्दर्भमा तीन महिनाभित्र मस्यौदा तयार गरी कुलपति समक्ष पेस गर्न विश्वविद्यालय अनुदान आयोगका अध्यक्षको संयोजकत्वमा उच्चस्तरीय समिति १५ दिनभित्र गठन गर्ने, एमबिबिएसतर्फ उपत्यकाभित्र ३८ लाख ५० हजार र उपत्यकाबाहिर ४२ लाख ४५ हजार तथा बिडिएसतर्फ १९ लाख ३२ हजार ६ सय १२ रुपैयाँ कायम गर्ने, २०७० फागुन ३ गते भएको सम्झौताअनुसार चिकित्साशास्त्र अध्ययन संस्थानलाई स्वायत्तता दिनेबारे २१ दिनभित्र विश्वविद्यालयको सिनेटमा प्रस्ताव पेस गर्ने, राष्ट्रिय चिकिस्सा शिक्षा विधेयक २०७३ पारित नहुञ्जेल नयाँ मेडिकल कलेजको निम्ति मनसायपत्र जारी, पुराना आसयपत्र नवीकरण, नयाँ मेडिकल कलेजलाई सम्बन्धत तथा विस्तारित कार्यक्रमको अनुमति कार्य सबै रोक्का गर्ने लगायतका विषयहरु उल्लेख गरिएका छन्।




**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं